# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

पौष पूर्णिमा



ल· पु. मा ५ वटा अशोक स्तूप मध्ये एक

वर्ष– १४ अंक– ९ वार्षिक रू. ३५/– मूल्य रू. ४/–

DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

सम्पादकीय

## बौद्ध जागरण शिविर

नेपालमा विभिन्न तरिकाले बुद्ध धर्म प्रचार भैरहेको देखिन्छ। तीमध्ये बुद्ध मूर्ति स्थापना, विहार निर्माण कार्य, बुद्ध–पूजा र धर्मदेशना, महापरित्राण पाठ, पुस्तक र पत्रिका प्रकाशन, स्वास्थ्य सेवा र रक्तदान आदि पर्दछन्।

तर आजभोली बुद्ध धर्म प्रचार कार्यमा एउटा रचनात्मक तरिका अपनाइएको देखिन्छ। त्यो हो बौद्ध जागरण शिविर अभियान।

यस कार्यक्रमको शुरुवाट युवा बौद्ध समूह काठमाडौंको आयोजनामा कीर्तिपुर विहारमा आठ दश वर्ष पहिले १६, १७ जिल्लावाट तामाङ्गहरू बोलाई बुद्ध शिक्षा दिएर गरिएको थियो। सो शिविरमा बुद्ध जीवनी, बुद्ध धर्मको व्यवहार, बौद्ध सस्कृति र इतिहास, बौद्ध पूजा विधि, आर्य अष्टाङ्गिक मार्ग आदि बारे शिक्षा दिइएको थियो। त्यसपछि संघाराम, ढल्कोमा र ध्यानकुटी विहार बनेपामा गरी पटक पटक यस प्रकारको शिविर संचालन गरी हालसालै मात्र आठौं पटकको शिविर संचालन सम्पन्न भैसक्यो। त्यसमा गुरुङ्ग, तामाङ्ग, थारू, मगर, राई, श्रेष्ठ, शाक्य, बज्राचार्य आदि जातका जनजातीहरू सहभागी भएका थिए।

पाटनका युवक बौद्ध मण्डलले पनि धादिङ्गमा र कीर्तिपुरमा तामाङ्गहरूलाई र भक्तपुरका युवा बौद्ध पुचःको आयोजनामा युवा वर्गलाई तीन दिने बौद्ध जागरण शिविर प्रशिक्षण दिइएको थियो।

चापागाउँमा पनि सुरेनमानको संयोजकत्वमा स्थानीय युवा युवतीहरूलाई समय समयमा बुद्ध धर्म सम्वन्धी शिक्षा दिने कार्यक्रम चल्दैछ। हालसालै लुम्बिनी र कपिलवस्तुका माध्यमिक विद्यालय स्तरका ५० जवानभन्दा बढि विद्यार्थीहरूलाई नगरमण्डप श्रीकीर्ति विहारमा दश दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भयो।

यस बौद्ध जागरण शिविरको लक्ष र उद्देश्य बौद्ध जनजातीहरूलाई संगठित गर्ने, जनचेतना जगाउने कार्यक्रम संचालन गर्नको लागि सकारात्मक प्रभावोत्पादक कार्यकर्ता तयार गर्ने, बौद्धहरूको संख्यात्मक वृद्धि मात्र नभई गुणात्मक बौद्ध संख्या बढाउने आदि हुन्।

धर्म प्रचार गर्ने तरिका जसरी, जुन रूपमा अपनाए पनि धर्म प्रचार गर्नको लागि सर्वप्रथम कार्यकर्ताहरूको चरित्र राम्रो हुनु पर्ने र व्यवहार पनि अनुकूल हुनु आवश्यक छ। चरित्र सुधार बिना धर्म प्रचार त्यति प्रभावोत्पादक हुन सक्दैन। धर्म प्रचारकहरू सेवामूलक हुनु पनि आवश्यक छ। बौद्ध जागरण शिविरको मूल लक्ष यहा नै हो। साम्प्रदायिक भावना बढाउनुको लागि होइन। यही धर्मकीर्तिको धारणा छ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापक
चिनीकाजी महर्जन

ने० सं० ११९७

सम्पादक
अ. वीर्यवती

बु० सं० २५४०

प्रधान सम्पादक
भिक्षु अश्वघोष
फोन– २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं
फोन : २२०४६६

पोष्ट बक्स नं. ४९९२

# धर्मकीर्ति
## ( बौद्ध मासिक )
# THE DHARMAKIRTI

JANUARY 1997

वर्ष–१४ | अंक–९ | मिलापुन्ही | पुस २०५३




श्रद्धावान, सदाचारी र यशका भागी व्यक्ति जहाँ-गए पनि सम्मान सत्कारको पात्र बन्दछ ।

★★★

मूर्खजनलाई आफुले गरेको पापले आफैलाई पीडा दिन्छ, जसरी पत्थरबाट निस्कने हीराले आफु निस्केको पत्थरलाई नै काट्छ ।

★★★

आफुले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ, शुद्धि हुने र अशुद्धि हुने आफुद्वारा नै हो कसैले अरू कसैलाई पार्न सक्दैन ।

★★★

Downloaded from http://www.dhamma.digital

# धम्मपद – ९२

– रीना बनिया

"यो चे वस्ससतं जीवे – अपस्सं उदयब्ययं।
एका'हं जीवितं सेय्यो – पस्सतो उदयब्ययं॥"

अर्थ—उत्पन्न र विनाश हुने विषयलाई नबुझी सय बर्षसम्म बाँचनुभन्दा उत्पन्न र विनाश हुने तथ्यलाई राम्ररी बुझेर एकदिन मात्र बाँच्नु पनि उत्तम छ।

यो गाथा भगवान् बुद्धले जेतवन महाविहारमा बास गरिरहनु भएको बेला पटाचारी थेरीको कारणमा भन्नुभएको हो।

घटना—बुद्धको समयमा श्रावस्ती नगरमा एउटा महाजनकी एक्ली छोरी ठूलो भोगविलासमा पुल्पुलिएर बसेकी थिइन्। महाजनले आफ्नी एक्ली छोरीलाई सुरक्षितसाथ राखेको थियो। तर ती अभागी मूर्ख छोरी यौवनको बसमा परी चोरी चोरी आफ्नै घरको एउटा नोकरसँग प्रेम गरी पोइल नै गइछ। केही समयपछि गर्भवती भइन्। प्रसवको बेलामा आमाबाबुलाई सम्झी लोग्नेको इच्छा विरुद्ध माइततिर लागिन्। तर बाटैमा बच्चा पाएकोले लोग्नेको कुरा मानी आफ्नै घरतिर फर्किन्। केही समयपछि फेरि अर्को पटक गर्भवती भइन्। यस पटक पनि माइत जान खोज्दा लोग्नेले नजानु भनेर रोक्दा रोक्दै पनि प्रसव व्यथाको भयले एउटा बच्चालाई बोकेर माइततिरै लागिन्। स्वास्नीको जिद्दीपन देखी हारेर लोग्नेचाहिं पनि पछि पछि लाग्नै पर्‍यो। यसपल्ट पनि बाटैमा प्रसव व्यथा चर्कियो। त्यो रात चाहिं उनीहरूको ठूलो दशाको रात थियो। भयानक मेघगर्जनका साथै घनघोर वर्षा पनि भयो। बच्चा पाउन लागेको स्वास्नीलाई वर्षाबाट बचाउन छत बनाउन लोग्नेचाहिं जंगलमा काठ खोज्न हिंडे। त्यहीं एउटा बिषालु सर्पले टोकेर लोग्ने चाहिं मर्‍यो। यता प्रसव वेदना चर्को हुँदै गएपछि त्यस आईमाईले बडो दुःख कष्टपूर्वक बच्चा जन्माइन्। रातभरि बडो कष्टपूर्वक समय बिताएपछि भोलिपल्ट बिहान लोग्नेलाई खोज्न ती आईमाई दुइवटा बच्चालाई लिएर हिंडिन्। बाटोमा लोग्ने मरेर उत्तानो परिराखेको देखेर मनमा ठूलो बज्रपात पर्‍यो। विलाप गर्दा गर्दै शक्तिले भ्याएसम्म रोइन्। जसरी भएपनि दुइवटा बच्चालाई बचाउनु थियो उनीले। त्यसैले दुबै बच्चालाई च्यापी माइततिरै हिंडिन्। ठूलो वर्षाको कारणले बीच बाटोको नदीमा धेरै माथिसम्म पानी चढेको थियो। दुइवटै बच्चालाई लिएर नदी तर्न नसकिने देखेर पहिले भर्खर जन्मेको बच्चालाई नदी पारी लगेर सुताएर आइन्। ठूलो बच्चालाई लिन भनी नदी बिचमा पुग्दा एउटा चील आई सानो बच्चालाई टिप्न लागेको देखेर हात हल्लाउँदै ठूलो स्वरले चिच्याउन थालिन्। तर चीलले बच्चालाई टपक्क टिपेरै लग्यो। उता आमाचाहिंले हात हल्लाएको देखेर आफूलाई बोलाएको होला भनी वारी पट्टिका ठूलो चाहिं बालकले नदी तर्न खोज्दा नदीको भेलले त्यस बालकलाई पनि आफैसँग बगाएर लग्यो। यसप्रकार एकै क्षणमा ती आईमाईले आफ्ना दुईवटै बच्चाहरू गुमाउनु पर्‍यो। लोग्ने मर्‍यो, बच्चाहरू दुईवटै मरे। ती आईमाई यस असह्य दुःखको कारणले रुँदै अत्यन्त विलाप गर्दै श्रावस्तीतिर लागिन्। अब उनीको सहारा केही रहेन। केवल माइतीमा आमाबाबुको आश्रय पाउने एउटै मात्र आशा बाँकी रहेको थियो उसको सुखको नाउँमा। बाटोमा भेटेको एउटा मानिससँग आफ्नो आमाबाबुको ठेगाना बताउँदै हालखबर



Downloaded from http://www.dhamma.digital

सोधिन् । तर अभागी त्यस नारीको ठूलो दुर्भाग्य ? अघिल्लो दिनको ठूलो वर्षाले माइतीको घर भत्किएर उसको आमा, बाबु र भाई तिनवटै पुरेर एकै चिहान भएको थियो । यस समाचार सुन्ने बित्तिकै उसको दुःखले सीमा नाघ्यो । वेदना असह्य भयो । फलस्वरूप उसले आफैलाई थाम्न सकिनन् र एकैछिनमा उनी पागल भइन् ।

पागल भई रुँदै कराउँदै हिँडीरहेकी त्यस नारी एकदिन जेतवन विहारमा भगवान् बुद्धले धर्मदेशना गरिरहेको ठाउँमा पुगिन् । जिउमा लुगा नभएकी त्यस पागल आईमाईलाई विहारभित्र आउन नदिन मानिस-हरूले रोक्न लागे । भगवान् बुद्धले—"नरोक त्यसलाई, भित्र आउन दिनु ।" भनी आज्ञा दिनुभयो । नजिक आइसकेपछि तथागतले भन्नुभयो—"बहिनी, स्मृति राख्नु, होश राख्नु ।" बुद्धको मैत्रीले युक्त यस मधुर वाक्यको प्रतापले त्यस आईमाईलाई तुरुन्तै त्यही क्षणमा होश आयो । आफ्नो जिउमा लुगा नभएको राम्ररी चाल पाई उनी लाजले खुम्चेर त्यहीं निहुरेर बसिन् । धर्म श्रवण गरिरहेका एक उपासकले आफूले ओढेको खास्तोले उसको जिउ छोपी दियो । लाज छोपेपछि बुद्धको चरण छोई वन्दना गरी त्यस नारीले आफ्नो दुःखका वृत्तान्त कुराहरू सुनाएर भगवान् बुद्धसँग आश्रय मागिन् ।

भगवान् बुद्धले भन्नुभयो—"तिमीले चिन्ता नगर । तिमीलाई आश्रय दिन सक्ने व्यक्तिकहाँ तिमी आइसक्यौ ।" बुद्धले पुनः गाथाद्वारा भन्नुभयो—"चारवटा समुद्रको पानी बरु कम होला, त्योभन्दा दुःखी प्राणीको आँखाबाट झरेको आँसु बढी होला । दुःखले पिडित प्राणीहरूको शोक अनन्त रहेछ । त्यसैले हे मित्र, किन कुशल कार्यबाट टाढा रह्यौ ?"

यसप्रकार तथागतले अन्त्य नरहेको संसारको यस दुःखको तथ्य बताउनु हुँदा त्यस नारीको शोक कम हुँदै गयो । तथागतले पुनः धर्मदेशना गर्दै भन्नुभयो—"हे बहिनी ! तिम्रा छोरा छोरीले तिमी परलोक गइसकेपछि तिमीलाई कुनै शरण र आश्रय दिन सक्दैनन् । त्यसैले तिनीहरू आफ्ना भएता पनि नभएकै सम्झनु पर्छ । विद्वान पण्डितजनले आ–आफ्नो शील परिशुद्ध गरी आ–आफ्नो निर्वाण जाने बाटोलाई सके-सम्म छिटो परिशुद्ध गर्न सक्नु पर्छ ।"

धर्मदेशनाको अन्तमा ती नारीले क्लेशलाई विनाश गरी श्रोतापत्ति फलमा प्रतिष्ठित भइन् । त्यहाँ उनले तथागतसँग प्रव्रज्या मागिन् । भगवान् बुद्धले उसलाई भिक्षुणीहरूकहाँ प्रव्रज्याको लागि पठाउनु भयो । प्रव्रजित भएपछि उपसम्पदा पनि प्राप्त गरिन् । यस-प्रकार आचार-विचार पतित हुने गरी पागल भएकी आईमाई भएकोले पछिसम्म पनि तिनी 'पटाचारी' नामले जानिन् ।

एकदिन पटाचारीले खुट्टा धुनको लागि पानी लिंदा त्यो पानी भुईंमा पोखाइन् । पानी भुईंमा अलि पर गएर सुक्यो । उसले फेरि पानी पोखाइन् । त्यो पानी भुईंमा त्योभन्दा पर गएर सुक्यो । फेरि तेश्रो पटक पानी पोखाउँदा पानी त्योभन्दा पनि पर गएर सुक्यो । यसैलाई आरम्मण लिएर पटाचारीले मनन् गरिन्—"यो पानी सुकेको सरह यस लोकको सत्व प्राणीहरू पनि प्रथम बैंसमा पनि मर्न सक्छन्, मध्यम बैंसमा पनि मर्न सक्छन्, अन्तिम बैंसमा पनि मर्न सक्छन् ।"

पटाचारीले यसरी संसारको अनित्य स्वभावलाई मनन गरी तथ्य ज्ञानलाई जानेको कुरा बुद्धले पनि थाहा पाउनु भयो । अनि बुद्धले पटाचारीलाई बोलाई भन्नु-भयो—"हे पटाचारी ! यो पञ्चस्कन्धको उत्पत्ति विनाश-लाई नदेखिकन एकसय वर्षसम्म बाँचिरहनुभन्दा त्यसको उत्पत्ति विनाशलाई राम्ररी देखी बुझी यो संसारमा एकदिन मात्र बाँच्नु पनि उत्तम छ ।" यसरी धर्मदेशना गर्दै भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्मदेशनाको अन्तमा पटाचारी थेरी प्रतिसम्भिदा सहित अरहन्त भइन् । ★★★



Downloaded from http://www.dhamma.digital

# योग्य गुरु

**– पुष्पा**

गुरु विभिन्न प्रकारका हुन्छन् । राम्रा ज्ञान गुणका कुराहरू सिकाउने गुरुहरू पनि हुन्छन् । नराम्रा कुराहरू सिकाइदिने गुरुहरू पनि हुन्छन् । अर्काको खल्ती काट्ने काम सिकाइदिने गुरुहरू पनि हुन्छन् । फेरि काम गरेर खाने ज्ञान सिकाउने गुरुहरू पनि हुन्छन् ।

अब यहाँ विद्यालयमा पढ्न आउने विद्यार्थीको जीवन सफल गर्न सक्ने, मनोवैज्ञानिक ढंगले शिक्षा दिन सक्ने योग्य गुरुको बारेमा उल्लेख गर्न खोजेको छु । हामीलाई योग्य गुरुको आवश्यक छ । पेट एउटा भर्नको लागि मात्र दिन गुजार्ने गुरु साँच्चैको गुरु हुन सक्दैन ।

हाम्रो पहिलो गुरु त आमा बुबा नै हुनुहुन्छ । आमा बुबाले हामीलाई बच्चैदेखि खाने, पिउने, लगाउने, नचाहिने ठाउँमा नजाने आदि बारे ठीक तरिकाले शिक्षा दिइरहनु हुन्छ । आफ्ना बच्चाहरू नराम्रो संगत गरी नराम्रो ठाउँहरूमा गई बिग्रीएला भनी आमा बुबालाई ठूलो पीर परेको हुन्छ । त्यसैले आमा–बुबा नै पहिलो गुरु हो भनी बुझ्नु पर्दछ ।

तर हामीलाई आमा बुबाको मात्र शिक्षाले पनि पुग्दैन । हामी स्कूल र क्याम्पसमा गई अक्षर पढ्नु पर्ने विद्यार्थीहरू पनि हौं । त्यसैले योग्य गुरुहरू भएको ठाउँमा गई अक्षर पढ्न पाएमा हाम्रो जीवन सफल हुनेछ, राम्रो हुनेछ । हुन त गुरु योग्य भएपछि शिष्य अयोग्य चाहिं पर्‍यो भने त्यस अल्छी शिष्यले गुरुले सिकाएको ज्ञान सिक्न नसकी उसको जीवन सफल हुन सक्दैन । तैपनि विद्यार्थीको जीवनी र मनोभावना अध्ययन गरेर उसलाई सुहाउँदो विद्या दिन सक्ने गुरुको संगत गर्न पाएको खण्डमा विद्यार्थी बिग्रने कम मात्र सम्भावना हुन्छ । यो कुरो बुझाइदिनको लागि बुद्ध-कालीन घटना एउटा अगाडी राख्न चाहन्छु—

एउटा बालक विद्यालय पढ्न गएछ । उसले १२ वर्षसम्म अक्षर पढ्दा पनि केही ज्ञान सिक्न सकेनछ । गुरुले विचार गरेछ, यो केटाले १२ वर्षसम्म अक्षर पढ्दा पनि केही सिकेर लिएन । यसले गर्दा मेरो इज्जत जाने भयो । जसरी भएपनि यसको जीविका चल्ने शिक्षा एउटा त दिनु पर्ला । अनि मात्र मेरो इज्जत रहनेछ । यति विचार गरी गुरुले विद्यार्थीलाई बोलाई भनेछ— "किं कारणं घट्टेसि घट्टेसि अहम्पि तं कारणं जानामि जानामि । ल यो मन्त्र एउटा कण्ठ पार्नु ।" यति भनी गुरुले यो शिक्षाले विद्यार्थीको जीविका चल्ने विश्वास लिएछ । यो मन्त्र एउटा त त्यस केटोले तुरुन्त कण्ठ पारेछ ।

अनि गुरुले भन्यो—"अब तिमी घर गए पनि हुन्छ । बरु तिमी एक्लै चुपलागेर बस्दा पनि जहिले पनि यो मन्त्र ठूलो स्वरले पाठ गरी रहनु ।"

गुरुको आदेश शिरोपर गरी विद्यार्थी घर फर्क्यो । १२ वर्षसम्म अक्षर पढेर आएको छोरो भनी आमा बुबा दुबैजनाले उसलाई खुशी हुँदै स्वागत गर्‍यो ।

एकदिनको कुरो, उसको घरमा राती चोरले गारो प्वाल पारी भित्र पसेछ । त्यहीबेला त्यो केटोलाई निन्द्रा नलागेकोले गुरुले दिएको मन्त्र घोकी राखेछ— "किं कारणं घट्टेसि घट्टेसि अहम्पि तं कारणं जानामि जानामि ।" यो शब्द चोरहरूले सुनिराखेछ । मन्त्र पढ्ने केटोले अर्थ नजाने पनि चोरहरूले यस मन्त्रको अर्थ बुझेको रहेछ । यसको अर्थ यसरी रहेछ —"के कारणले तिमीहरूले यो गरिरहेका छौ, त्यो कारण सबै मलाई



Downloaded from http://www.dhamma.digital

थाहा छ।" यो सुनी चोरहरू त लौ अब विश्वास पर्‍यो, घर धनीले हामी यहाँ आएको थाहा पायो भन्दै भागाभाग गरी दौडेछ।

त्यहीबेला त्यहाँको राजा आफूलाई प्रजाहरूले के कति विश्वास गर्छ, आफूलाई मन पराउँछ मन पराउँदैन भन्ने कुरा बुझ्न राती भेष बदली घुमिरहेको रहेछ। त्यहाँ चोरहरू बसेको देखी आफू त्यहीं लुकिरह्यो। चोरहरू एकाएक डराई किन भागेको होला भनी बिस्तारै आफू पनि त्यही घरमा पसेछ। भित्र जाँदा त एउटा केटो मन्त्र पढिराखेको देखेर राजाले विचार गर्‍यो —"यो मन्त्र त काम लाग्ने मन्त्र रहेछ। यही मन्त्र पढेकोले चोरहरू भागेको हो।" यस्तो विचार गरी राजा खुरुक्क दरबारमा फर्केछ र भोलिपल्ट त्यस केटोलाई दरबारमा बोलाई राजाले पनि त्यस मन्त्र सिकेर लिएछ।

त्यहीबेला प्रधानसेनापतिले राजालाई मार्ने षड्यन्त्र रचिराखेका थिए। सेनापतिले राजालाई मार्नको लागि राजाको हजामलाई पैसाको लोभ देखाई आफ्नो हातमा लिइसकेको रहेछ। एकदिन सेनापतिले हजामलाई सिकाउँदै भनेछ—"राजाको दाह्री खौरने बेलामा मौका छोपी राजाको गर्दन काटी मारिदिनु।"

सेनापतिको हुकुम स्वीकार गरी राजाको दाह्री खौरने नाटक गर्न गएको हजामको मुटु कामीराखेको थियो। डराई डराई उसले राजाको अगाडी ढुंगामा चक्कु घोटिराखेको थियो। हजामले चक्कु ढुंगामा घोटिराखेकोले राजाले काम पाएन र फुर्सदको समयमा राजाले मन्त्र पढ्ने काम सम्झी मन्त्र पढ्न थाल्यो—"किं कारणं घट्टेसि घट्टेसि अहम्पि तं कारणं जानामि जानामि।" यस मन्त्रले भन्दैथियो—"तिमिले के गरिराखेको हो, त्यसको कारण सबै मलाई थाहा छ।" हजामले मन्त्रको अर्थलाई यसरी नै बुझेपछि राजाले उसको रहस्य सबै जानेछ भन्ने थानी उ त झन थुरुथुरु कामी राजाको पाउ परी क्षमा माग्यो।

राजा पनि अलि विद्वान नै रहेछ। त्यसैले उसले अड्कल लगायो—अवश्य पनि यहाँ केही रहस्य लुकेको छ। यति विचार गरी राजाले आफूले सबै रहस्य थाहा पाएको जस्तो गरी भन्नथाल्यो—"ए! हजाम केही कुरो लुकाउन पाउँदैनौ तिमीले। सबै कुरो भन। मैले तिमीलाई केही गर्ने छैन।" यति कुरो सुनी हजामको पनि अलि साहस बढ्यो र उसले भन्नथाल्यो—"महाराज! म निर्दोष छु। मलाई रक्षा गर्नोस्। मलाई सेनापतिले हजुरको टाउको काट्ने काम सिकाएर पठाएको हो।"

राजाको अगाडी सेनापतिको रहस्योद्घाटन भएपछि राजाले सेनापतिलाई मृत्यु दण्ड दियो। हजामलाई पुरस्कार दिई पठायो। राजालाई मन्त्र सिकाइदिने केटोलाई बोलाई राजगुरुको पदवी दियो। किनभने त्यही केटोले सिकाइदिएको मन्त्रले गर्दा राजाको ज्यान बच्यो।

यो कथाबाट प्रष्ट हुन्छ, अक्षर पढ्न नसक्ने मानिसले पनि एउटा योग्य गुरुको संगत गर्न पाएकोले त्यही गुरुले सिकाइदिएको मन्त्रको कारणले राजगुरुको पदवी पाउन सफल भयो। फलस्वरूप त्यस अनपढ केटोको जीवन सुखी भयो।

त्यसकारण योग्य गुरु बन्नको लागि मनोविज्ञान सम्बन्धि शिक्षा पनि अध्ययन गर्नु जरूरी छ। अर्को शब्दमा भन्ने हो भने गुरुले आफ्नो शिष्यको मनोभावना बुझ्न सक्नु पर्दछ। मनोविज्ञान ज्ञान नभएका गुरुहरूले विद्यार्थीहरूलाई थुप्रो पाठ दिएर पनि पाठ कण्ठ गर्न सकेन भन्ने निहुँमा लट्ठीले पिटीराखेको हुन्छ। सजायँ दिइराखेको हुन्छ। स्कूल जानु अगाडी घरमा खेलिराखेका



Downloaded from http://www.dhamma.digital

निर्दोष बालकले एकैचोटी थुप्रो पाठ सिक्न सक्दैन। तर यस तथ्य कुरोलाई नबुझ्ने थुप्रो शिक्षकहरू छन्। गुरु हुने व्यक्तिसंग मनोविज्ञान सम्बन्धि शिक्षा भए मात्र त्यो शिष्य गतिलो हुन सक्छ। गुरु हुने व्यक्तिसंग दया, माया र करुणा पनि हुनुपर्छ। अनि मात्र उ योग्य गुरु बन्न सक्छ।

यसरी विचार गर्दा भगवान् बुद्धलाई हामीले साँच्चिकै योग्य गुरु भनी बुझ्न सक्छौं। यो कुरोको प्रमाण दिनको लागि बुद्धकालीन घटना प्रस्तुत गर्न लागेको छु—

भगवान् बुद्धको समयमा महापन्थ र चूलपन्थ भन्ने दुईजना दाजुभाईहरू भिक्षु बन्न गए। महापन्थ अरहन्त भयो। अर्थात् ज्ञान प्राप्त गरी निक्लेशी भयो। तैपनि उहाँले आफ्नो भाई एकजनालाई पनि तालिम दिन सक्नु भएन। भाई चूलपन्थलाई एउटा श्लोक कण्ठ पार्नको लागि दिनु भएछ। भाई चूलपन्थलाई भने श्लोक कण्ठ पार्ने रूची नभएकोले कण्ठ पार्ने सामर्थ्य पनि रहेन। अर्थ पनि बुझ्न सकेनछ। पाठ दिएको ४ महिना बित्दा पनि पाठ बुझाउन नसकेको कारणले दाजु महापन्थले भाई चूलपन्थलाई भिक्षु बन्न लायक नभएको कारण देखाई चीवर वस्त्र त्यागी घर फर्कनु भनी विहारबाट निकाली दिनुभयो। चूलपन्थले दाजु महापन्थको आज्ञा सिरोपर गरी विहारबाट निस्की घर जान भनी हिंडिरहेको बेला बाटोमै भगवान् बुद्धसंग जम्का भेट भयो। भगवान् बुद्धले चूलपन्थलाई घर फर्कन दिनु भएन र आफैसँग फर्काई विहारमा लानुभयो। बुद्धले चूलपन्थलाई टाउकोमा हात राखी भरोसा दिँदै भन्नुभयो —"श्लोक कण्ठ गर्नु आवश्यक छैन। बरू तिमीले यो सेतो रूमाल एउटा लिनु। तिमीले "रजोहरण" भन्ने शब्द उच्चारण गर्दै यो रूमालमा हात चलाई रहनु।"

चूलपन्थले पनि बुद्धको आज्ञा अनुसार रजोहरणं, रजोहरणं भन्दै रूमाल छोई हात चलाई रह्यो। रजोहरणंको अर्थ मयल निर्मुल होस् भनेको हो। तर यसरी मयल नाश होस् भने पनि उसले छोइरहेको सेतो रूमालमा मयल बढ्दै आयो। हातले छोइराखेको भागमा हातको मयल लागी सेतो रूमाल कालो भयो। यसरी रूमालमा मयल लागेको देखी चूलपन्थको ज्ञानको आँखा बिस्तारै खुलेछ। यसलाई ज्ञानचक्षु भनिन्छ। उसले विचार गऱ्यो—"ओहो! मेरो शरीरमा जस्तै मेरो मनमा पनि मयल थुप्रै बाकी रहेछ। त्यसैले रहेछ मैले केही ज्ञान सिक्न नसकेको। भरखर अहिले निन्द्राबाट बिउँझें। अनि चूलपन्थ ज्ञानलाभी अरहन्त (निर्दोषी) मानिस भए।

भगवान् बुद्धले (रजोहरणं) भन्ने एउटा वाक्यले नै चूलपन्थको हृदय परिवर्तन गर्न सक्नुभयो। बुद्ध एक योग्य गुरु हुनु भएकोले चूलपन्थलाई ठीक ठाउँमा पुऱ्याई दिनुभयो। शिष्यको मनोभाव बुझी ज्ञान दिनुभयो।

त्यसैले आजको आधुनिक युगमा विद्यार्थीको मनोबल उकासी शिक्षा क्षेत्रमा विकास गर्ने हो भने बुद्धको सिद्धान्त अंगाल्नु आवश्यक देखिन्छ। यसको लागि कुनै पनि विद्यार्थीको मनको कुरो जानी उसको बानी र व्यवहार बुझी, उ हुर्केको ठाउँको वातावरण बुझी गुरुले शिक्षा दिनु पर्दछ। यदि उसको वातावरणलाई नसुहाउँदो शिक्षा पढाउँदा राम्ररी पढ्न सकेन भने पिट्न हुँदैन, लट्ठीको भय देखाउँदै तर्साउनु हुँदैन। केवल यो शिक्षा उसलाई काम लागेन भन्ने कुरो बुझ्नु पर्दछ। अनि मात्र योग्य गुरु हुन सक्नेछ।

***



Downloaded from http://www.dhamma.digital

# समझदारीमा आधारित बुद्ध धर्म

– पुनीन्द्ररत्न बज्राचार्य

हामी भगवान् गौतम बुद्धको जन्मदिनको पावन सुअवसरमा बुद्ध–जयन्ती नेपाल अधिराज्यभर धुमधाम तवरले विशेष कार्यक्रम लिएर मनाउँदै आएकाछौं। नेपालको पश्चिम तराईको लुम्बिनीमा जन्मनु भएको भगवान् बुद्ध ठूलो त्याग र तपस्याले बोधिज्ञान प्राप्त गरी बुद्ध भएका थिए। मानव मात्रको कल्याण र हित गरेकोले आज विश्वले उनलाई महामानवको रूपमा अंगिकार गरेको छ। उनका दिव्य उपदेशहरू विश्वले शान्ति शिक्षाको रूपमा पालन गर्दै आएका छन्। भगवान् बुद्धको पवित्र सन्देशहरू चतुआर्यसत्य, आर्य-अष्टाङ्गिक मार्ग, पञ्चशील, चतु ब्रह्म बिहार जस्ता अनमोल सन्देश विश्वको लागि अमूल्य नीधि भएको छ। विश्वले सत्य, अहिंसा र शान्तिका हिमायतीहरूको सम्झना गर्दा बुद्धका अमृत वचनहरूको संस्मरण हुन्छ। यसकारण आज विश्वमा यो धर्म निकै लोकप्रिय हुँदै आएको छ।

भगवान् बुद्धको चिन्तना कसैप्रति विरोध, आक्षेपमा उत्प्रेरित छैन। यो धर्मको पालनामा एउटा मानवले सोच्नुपर्ने ठूलो उत्तरदायित्व आफूले आफूलाई चिन्नु हो। बुद्धले भन्नुभएको छ—

"अत्ताहि अत्तनो नाथो को हि नाथो परो सिया,
अत्तना' व सुदन्तेन नाथं लभति दुल्लभं।"

अर्थात् आफ्नो भरोसा आफै हो। आफ्नो आधार को होला? आफूलाई राम्ररी संयमको बाटोमा लगायो भने आफैभित्र उच्च स्वामित्व प्राप्त हुनेछ। "म को हुँ? मेरा शरीर के हो? तृष्णा के हो? दुःख के हो? यसलाई बुझेमा नै यो धर्म सापेक्ष हुन्छ। यही नै मानिसको समझदारी हो। "आफूलाई बुझ्न सक्ने कारणले प्रज्ञा मिल्नेछ। यसैले बुद्धले आफ्नो शरीर उपर बिचार गर्न बिशेष ध्यान दिएको छ।" शरीरले गर्ने अपबित्रताको विचारधारालाई समाप्त गर्नु मनुष्यको धर्म हो भनेको छ। यो शरीरलाई क्षणभंगुरको रूपमा लिएको छ। यसकारण मनमाथि नियन्त्रण गर्न सकिएमा यो जीवनलाई सुमार्गतर्फ लैजान निकै सहयोग हुनेछ।

मन के हो भन्दा बुद्धले वेदना, संज्ञा, संस्कार र विज्ञानलाई संकेत गरेको छ। यी मनलाई वशीभुत गर्न तीन मार्गहरूको चयन गर्नु पर्दछ। ती मार्गहरू प्रज्ञा, शील र समाधि हुन्।

अविद्याको कारण नै मानिसले दुःख भोगिरहेको छ। यसकारण चतुआर्यसत्यको बोध हुनु नै प्रज्ञा हो। चतुआर्यसत्यको बोधले दुःखको पहिचान हुन्छ। दुःख निरोधको लागि आर्यअष्टाङ्गिक मार्गको ज्ञान आवश्यक हुन्छ। पारमिताको ज्ञान हासिल गर्न सक्षम हुनेछ। पारमिता अन्तर्गत विभिन्न भावनाहरू दान, शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञा आदि षट्पारमिताको ज्ञान आउने छ। यस्तै बुद्धले देखाएका अन्य मार्गहरूमा पञ्चशील, अष्टशील, दशशील आउने छ।

बुद्ध धर्ममा खास गरीकन आचार शास्त्र नै बढी पाउँछौं। बुद्धको भनाई अनुसार मानिसले आफ्ना भित्री मनलाई शुद्ध तथा शुद्धिकरण गर्नु पर्दछ। राग, द्वेष र मोहबाट मानिस अलग्गिनु पर्दछ। उसले कायिक, वाचिक र मानसिक चेष्टालाई राम्ररी बुझ्नु पर्दछ। यदि सही ढंगले जीवनको मार्गलाई प्रयोग गर्न नसकिएमा अलपत्र पर्न सक्छ। जसरी माझिले समुद्रमा आफ्नो डुंगालाई सहीरूपले चलाउन नसकिएमा किनारा पुग्न नसकि डुब्ने सम्भावना हुन्छ, त्यस्तै यो जीवनलाई बुझ्न नसकी अलमलिन सक्छ। यसकारण यो भव संसार-लाई बुद्धि अनित्य, क्षणिक र गतिशील भनि बुझी जीवनको सही मार्ग पहिल्याउनु मानिसको समझदारी हो। बुद्ध धर्म यही समझदारीमा आधारित धर्म हो।



Downloaded from http://www.dhamma.digital

# म्हपूजा र नेपाल सम्बत्को नयाँ वर्ष

– सत्यमोहन जोशी

नेपाल अधिराज्यभित्र बसोबास गर्ने थरिथरिका जाति जनजातिका बासिन्दाहरूका आ–आफ्ना शैलीका लोक संस्कृतिहरू छन् र त्यसैको अन्तर्गत उनीहरू समय समयमा अनेक चाडबाड जात्राहरू पनि मनाउँदछन्। यसै परिप्रेक्ष्यमा काठमाडौं उपत्यकामा आदिकालदेखि बसोबास गर्दै आएका नेवारहरूको जातीय महान् चाड 'म्हपूजा' को प्रसंग जोड्नु सामयिक हुन आउँछ।

हुन त काठमाडौं उपत्यकाभित्रै पनि यहाँका नेवारहरू आ–आफ्ना स्थान विशेषलाई महत्व राख्ने चाडबाड जात्राहरू मनाउँछन्। तर म्हपूजा चाहिं नेवार मात्रको जातीय महत्व र विशेषता राख्ने साझा पुर्खौली चाड हो, साझा साँस्कृतिक सम्पदा हो।

नेवार भाषा (नेपाल भाषा) मा 'म्ह' को सामान्य अर्थ हुन्छ देह अथवा शरीर। तर यो 'म्ह' बाट प्रसाद गुणयुक्त अर्थ बोध गर्ने अनेक शब्दहरू बन्दछन्, जस्तै— म्हने = सपना देख्नु। म्हसीके = चिनजान गर्नु। म्हल्हुये = नुहाउनु। म्हज्याये = मूर्ति बनाउनु। म्हदाये = देवस्थल अगिल्तिर लम्पसार परेर साष्टाङ्ग दण्डवत गर्नु। म्हवने = उमेर छिप्नु। म्हस्वोवने = केटा अथवा केटी हेर्न जाने (विहेवारीमा)। म्हगस = सपना। म्हचिप = शरीर अशुद्ध (जुठो)। म्हस्यूम्ह = परिचित। म्हमत = देवस्थलमा आफ्ना शरीरमा विभिन्न ठाउँमा माटाका पालामा तेलबत्ती बाल्ने। अनि भलाकुसारी गर्दा म्ह (म्हं) फुला ? = सञ्चै छ आदि।

आफ्नो देहको राम्ररी हेरचाह गर्नु भनेको प्रत्येक मानिसको आफ्नो स्वाभाविक धर्म नै हो। तर नेवार जातिको समुदायमा शरीरमा कुनै प्रकारको रोग नलागोस्, भय त्रास नहोस् र शरीरका निमित्त निरन्तर रूपमा आवश्यक श्रमशक्ति प्राप्त भैरहोस् भन्नाखातिर म्हपूजा (देह पूजा) गर्ने एउटा आफ्नै पनको पद्धति नै प्रचलनमा आयो। यसैले म्हपूजा गर्ने बेलामा नेवारहरू आफ्ना शरीरको सुस्वास्थ्य र आयु वृद्धिका निमित्त भिन्तुना (शुभकामना, शुभेच्छा) आदान–प्रदान गर्दछन् र म्हपूजाका बेलामा उपहारस्वरूप प्रदान गरिने फलफूल र कोखा (विशेष प्रकारले बाटेको धागोको डोरी) पनि आसिकका प्रतिक बन्दछन्, जस्तै—

यो शरीर – ओखर झैं कडा भएर निरोगी भैरहोस्
यो शरीर – मखमली फूल झैं सुन्दर भैरहोस्
यो शरीर – कटुस झैं सुख ऐश्वर्यहरू फल्ने होस्
यो शरीर – बिमिरो झैं चोखो भैरहोस्
यो शरीर – कोखा लगाउने भूतप्रेतादिबाट छुन नसक्ने होस्।

तर यो 'म्ह' को संरचना हाड र छालाबाट भएको हुनाले यो सधैं रहिरहने वस्तु चाहिं होइन। अतः यो नाशवान् छ। त्यसैले साधकले आफ्ना चिन्तन मननका प्रक्रियाहरूद्वारा बाहिर देखिने पार्थिव शरीर-भित्र अर्को एउटा नदेखिने 'म्ह' को पनि अनुभव गर्दछ र शरीरभित्र रिसाउने खुसाउने दुःख सुख अनुभव गर्ने र थरिथरिका सपनाहरू देख्ने चाहिं त्यही हो भनेर ठम्याउँछन्।

ऐनामा आफ्नो मुखको प्रतिबिम्ब परेपछि, हामी आफ्नो मुखको प्रतिरूप कस्तो रहेछ भनेर चाल पाउँछौं। म्हपूजाको विकास क्रममा पनि यही दृष्टान्त अनुरूप साधकहरूले चिन्तन मननका अनेक प्रक्रियाहरू चलाई शरीरभित्रका 'थः' (आफू) लाई चिन्न, थाहापाउन र आत्मसात् गर्न निमित्त साँस्कृतिक मान्यताहरू भएको



Downloaded from http://www.dhamma.digital

म्हपूजा–मण्डलको अवधारणा लोकव्यवहारमा ल्याए। म्हपूजामा देहको प्रतिक वा प्रतिच्छायाको रूपमा बनाइने लाक्षणिक म्हपूजा–मण्डल आत्म चिन्तन र आत्म–मनन–का माध्यम वा साधन बन्छ। म्हपूजा–मण्डलको रचना पद्धति स्वयम्मा एउटा 'सत्यं, शिवं र सुन्दरम्' को कलात्मक प्रदर्शन पनि बन्छ। अनि यस किसिमको मण्डल (अष्टदल कमल आकृतिको) बाट नै म्हपूजा शुरु हुने गर्दछ। जसको मध्यभागमा बलिराख्ने देहको आत्म–स्वरूप खेलुइताः (विशेष प्रकारको साइजमा बाटिराखेको धागोको तेल बत्ती) ले पनि आत्म त्याग र आत्म प्रकाश गरिरहेको हुन्छ।

म्हपूजाका लागि कुनै किसिमका शास्त्रीय विधि-विधान र कर्मकालको निश्चित निर्णय बनेका पाईंदैनन्। पछिपछि बनेका एक दुई ग्रन्थहरूमा देखापर्ने एक दुई श्लोकहरूमा म्हपूजालाई 'आत्मपूजा', 'स्वपूजा' सम्म भनिएको पाइन्छ। तर यो म्हपूजा नेवार जातिको समुदायमा मात्र सीमित छ र यो (म्हपूजा) वर्षको एक पटक कार्तिक शुक्ल प्रतिपदा तिथिको दिन सबैले आ–आफ्ना थितिरीति अनुसार मनाइने ठूलो चाड हो।

म्हपूजाको प्रसंगमा एउटा महत्वपूर्ण सान्दर्भिक उल्लेख 'संवत्' को हुन आउँछ। नेपालमा कुनबेला अथवा कुन शासकको पालामा इतिहासको ज्ञानको निमित्त प्रमुख प्रमाण हुने संवत्को प्रचलन शुरु भयो त्यो त अज्ञात नै छ र आज पनि खोजीकै विषय भैरहेको छ। तर राजा मानदेवले आफ्नी आमा राज्यवतीको नाममा एउटा विशाल मन्दिर बनाई स्थापना गरेको त्रिविक्रम वामनको शिलामूर्तिको पादपीठमा अभिलेख संवत्को प्रयोग भएको तथ्य प्राप्त भएको छ। यो अद्वितीय कलात्मक शिलामूर्ति राष्ट्रिय संग्रहालयमा सुरक्षित नै छ, यसमा भएको 'संवत्' को विवरण यस-प्रकार छ—'संवत् ३८९ वैशाख शुक्ल दिव २ (संवत् ३८९ वैशाख शुक्ल द्वितीया)।

तर राजा मानदेवको पालाको यो संवत् कुन संवत् हो त्यो तोकिएको छैन। तैपनि अनेक अनुमान प्रमाणका आधारमा इतिहासकारहरूले तथा पुरातत्वान्वे-षकहरूले यो संवत्लाई भारतीय कुषाणकालीन शक (शाके) संवत् मानिआएका थिए। र, यो शक संवत् चैत्रादिबाट शुरु हुन्छ अर्थात् यसको संवत्सर चैत्र शुक्लपक्ष प्रतिपदा तिथिबाट शुभारम्भ हुन्छ।

२०४६ साल फागुनमा काठमाडौंमा गोकर्णस्थित गोकर्णेश्वर स्थाननेरको बालवा गाउँमा राजा अंशुवर्माको पालाको एउटा ज्यादै राम्रो र स्पष्टरूपमा रहेको संवत् ५३६ अंकित शिलालेख (जुन अहिले त्यहीं वडा नं. ७ मा सुरक्षित छ) प्राप्त भएपछि, नेपालको इतिहासमा साल मिति सम्बन्धी एउटा नौलो प्रकाश देखापर्दछ। अनि यही संवत् ५३६ को शिलालेखमा केन्द्रित गरी लिपि विशेषज्ञ इतिहासकार श्यामसुन्दर राजवंशीले एउटा नौलो शोधकार्यको ग्रन्थ (लिच्छविकालीन संवत्-को निश्चय) प्रकाशमा ल्याएका छन्। अन्वेषक महोदयको निष्कर्ष अनुसार, राजा मानदेवले प्रयोगमा ल्याएको संवत् नै नेपालको आफ्नो मौलिक संवत् हो, र यो संवत् गणनामा शक अथवा शाके संवत् भन्दा २ वर्षले जेठो छ र यो कार्तिकादिबाट शुरु हुने संवत् हो अर्थात् कार्तिक शुक्ल प्रतिपदा तिथिबाट शुरु हुने संवत्सर हो।

यसबाट म्हपूजाको ऐतिहासिक प्राचीनताको खोजी गर्दै जाँदा नेवारहरूको म्हपूजा र नेपालको प्राचीन संवत्को बीचमा घनिष्टतम् सम्बन्ध देखापर्दछ किनभने यी दुवैको शुभारम्भ कार्तिकादिबाट (कार्तिक शुक्ल प्रतिपदा तिथिबाट) नै भएको छ।



Downloaded from http://www.dhamma.digital

पछि इतिहासको क्रममा इस्वीको नवौं शताब्दी-तिर राजा राघवदेवको पालामा भएको ठूलो अग्निकाण्ड-बाट उपत्यकाले विशालनगर ध्वस्त नष्ट हुन्छ। यसैबेला शान्तिस्वस्तिको प्रक्रियाद्वारा पुनर्निर्माणको कार्य थालनी गर्न तथा नयाँ जागरण र जोशद्वारा नयाँ निर्माण युगको सूत्रपात गर्न राजा राघवदेवले त्यसबेला चालु भैराखेको पुरानो संवत् (राजवंशीज्यूको गणनाअनुसार ८०४ वर्ष) पुगेकालाई पूर्णविराम गरी, त्यसको ठाउँमा कार्तिक शुक्ल प्रतिपदा तिथिबाट नै नयाँ संवत्सर शुरु गरी 'पशुपतिभट्टारक संवत्सर' नामले १ बाट नयाँ संवत् शुरु भयो। शुरुशुरुमा संवत् मात्र लेख्ने चलन थियो।

इस्वीको बाह्रौं शताब्दीदेखि यही संवत् 'नेपाल संवत्' नामले प्रसिद्ध हुन आयो। र, पछिपछि लेखिएका वंशावलीहरूमा एकजना धनपति शंखधर साख्वाले राजा आनन्ददेवको आदेश पाई जनतालाई ऋणबाट मुक्त गरी नयाँ संवत् चलाएको लोककथन पनि यसै प्रसंगमा जोडिन आउँछ।

नेपाल संवत्को नयाँ वर्ष शुरु हुने दिन हो कार्तिक शुक्ल प्रतिपदा तिथि अर्थात् लक्ष्मीपूजाको भोलिपल्ट। अनि पुरानो वर्षलाई बिदावारी गरी नयाँ वर्षलाई स्वागत गर्दछन्। र, यो ठूलो संयोगको कुरो हो, नेपाल संवत्को नयाँ वर्षकै दिन नेवारहरूको महान् चाड म्हपूजाको रमकझमक हुने गर्दछ। र, नयाँ वर्षकै उत्सवमा नेवारहरू 'भिन्तुना' (शुभकामना, शुभेच्छा) आदान-प्रदान गर्दछन्।

कहिलेकाहीं प्रतिपदा तिथिले दुई दिन छोएको हुन्छ। (जस्तो यो साल कार्तिक २६ र २७ गते यस्तै परेको छ) यस्तो बेलामा कुन दिन म्हपूजा गर्ने भन्ने द्विविधा र संदिग्धता सिर्जना हुन्छ तर नेवारहरू आफ्नो लोकाचार कुलाचार र थितिरीति अनुरूप पछिल्लो दिनको (यो वर्ष कार्तिक २७ गते) शेष तिथिको अंशमा नयाँ सूर्य उदाएकोलाई व्यावहारिक रूपमा प्रत्यक्ष प्रमाण मानी परविद्ध सिद्धान्त अनुसार नयाँ वर्षकै दिन म्हपूजा गर्दछन्। नयाँ वर्षबाट सम्बन्ध विच्छेद गरी उनीहरू म्हपूजा गर्न रुचाउँदैनन्।

साभार – गोरखापत्र

★★★

## ९. दुतिय सुत्त (१.६.९)

अनु. – भिक्षु विशुद्धानन्द

पुरुषको साथी के हुन्छ ?
को उसमाथी नियन्त्रण गर्छ ?
के मा अभिरत भएर मनुष्य,
सबै दु:खबाट मुक्त हुन्छ ?

उत्तर – श्रद्धा पुरुषको साथी हो,
प्रज्ञा त्यसमा नियन्त्रण गर्छ,
निर्वाणमा अभिरत भएर मनुष्य
सबै दु:खबाट मुक्त हुन्छ।

## १०. कवि सुत्त (१.६.१०)

गीत (गाथा) कसरी हुन्छन् ?
त्यसको व्यञ्जन के हो ?
त्यसको आधार के हो ?
गीतको आश्रय के हो ?

उत्तर – छन्दले गीत हुन्छ,
अक्षर त्यसको व्यञ्जन हो,
नामको आधारमा गीत बन्दछ,
कवि गीतको आश्रय हो।



Downloaded from http://www.dhamma.digital

गत अंकको बाकी अंश

# बुद्धको शिक्षा र आजको विश्व–३

– डा. वल्पोल राहुल

चौथो सुख– (अनवज्ज सुख) मन, वचन, कर्मले दोषरहित काम गरी शुद्ध जीवन यापन गर्ने। यहाँ यो उल्लेखनीय छ कि यी तीनैवटा आर्थिक सम्बन्धि नै छन् र अन्तमा बुद्धले महाजनलाई सम्झाउनु भयो कि आर्थिक र भौतिक सुख दोषरहित र आदर्श जीवनबाट पाउने आध्यात्मिक सुखको सोह्र भागको एक भाग मूल्य बराबरको पनि छैन।

माथि उल्लिखित उदाहरणबाट हामीले यो देख्छौं कि बुद्धले मानव सुखको लागि आर्थिक उन्नति एक अति आवश्यक कुरो हो भनी राय दिनुभयो। तर यदि यो मात्र भौतिक, धार्मिक र नैतिक जगरहित छ भने त्यसलाई सच्चा र सत्य उन्नति हो भनी ठान्नु भएको छैन। भौतिक प्रगतिको प्रोत्साहन दिंदा, बुद्ध धर्ममा सुख शान्तिपूर्ण, सन्तुष्ट समाजको लागि संधै नैतिक तथा आध्यात्मिक, धार्मिक चरित्रमा बढि जोड दिनुहुन्छ।

बुद्ध राजनीतिको लडाईं र शान्तिको विषयमा स्पष्ट तथा निष्पक्ष हुनुहुन्थ्यो। यहाँ यो दोहऱ्याउन प्रशंसनीय होला कि बुद्ध धर्मले अहिंसा र शान्ति नै विश्वव्यापी सन्देशको रूपमा वकालत गर्दै आएको छ र कुनै किसिमको हिंसा र जीवहत्यालाई स्वीकार्नु भएको छैन। बुद्ध धर्मानुसार न्यायोचित : उचित लडाईं भनेको हुनै सक्तैन जुन मिथ्या शब्द छापिएको मात्र हो र घृणा, निर्दयीता, हिंसा र मनुष्यको संहारबाट दोषरहित हुन न्याय ठहऱ्याउने प्रचार मात्र हो। उचित अनुचितको निर्णय कसले गर्दछ। शक्तिशाली र विजयी उचित, कमजोर पराजित सधैं अनुचित। हाम्रो लडाईं सँधै उचित र तिम्रो सधैं अनुचित। बुद्ध धर्मले यस्तो स्थितिलाई स्वीकार्दैन।

बुद्धले अहिंसा र शान्तिको बारेमा उपदेश मात्र दिनु भएन, रणभूमिमा गएर आफैंले व्यवधान पनि गर्नु भएको थियो र लडाईं नै प्रतिबन्ध गर्नु भयो। यो शाक्य र कोलिय बीच रोहिणी नदीको पानीको कुरालाई लिएर लडाईं गर्न तयार हुन लागेको अवस्थामा भएको थियो। वज्जीहरूको राजधानीबाट राजा अजातशत्रुलाई आक्रमण गर्नै लागेको बेलामा पनि उहाँको यी वचनले प्रतिबन्ध गरेको थियो।

बुद्धको पालामा पनि आज जस्तै शासकहरू हुन्थे र उनीहरू अनुचित तरिकाले राज्य गर्दथे। जनतालाई सताउने, शोषण गर्ने, यातना दिने, दु:ख दिने, अधिक कर लिने र निर्दयी सजायँहरू दण्डको रूपमा दिन्थे। बुद्धलाई यी निर्दयीताबाट गहिरो प्रभाव पारेको थियो। त्यसैकारणले उहाँले राम्रो सरकारको विषयमा ध्यान दिएर निर्देशन दिनुभएको कुरा 'धम्मपदट्ठकथा'मा प्रमाणित छ। उहाँको दृष्टिकोण त्यो बेलाको सामाजिक, आर्थिक र राजनैतिक दृश्यको विपरित हो भन्ने कुरालाई प्रशंसा गर्नुपर्दछ। उहाँले देखाउनु भएको थियो– सरकार प्रमुख भन्नाले राजा, मन्त्रीहरू, प्रशासकीय अधिकृतहरू, भ्रष्ट र अन्यायी भयो भने कसरी देशनै दूषित पतित र दु:खीत हुन्छन् भन्ने कुरो।



Downloaded from http://www.dhamma.digital

सुखी राष्ट्र हुनको लागि न्यायपूर्ण र उचित सरकार हुनुपर्दछ। यस्तो न्यायोचित सरकारको गठन कसरी सिद्ध गर्न सकिन्छ भन्ने कुरा बुद्धले जातक ग्रन्थमा राजाको दशवटा कर्तव्यहरू (दशराज धम्म) भनी बुद्ध शिक्षामा व्याख्या गर्नुभएको छ।

निश्चय पनि प्राचीन राजा शब्दलाई 'सरकार' शब्दले ओगटेको छ। तसर्थ सरकार भन्नाले राज्य प्रमुख, मन्त्रीहरू राजनैतिक नेताहरू, व्यवस्थापन र प्रशासकीय अधिकृतहरू जसबाट राज्य गठन हुन्छ, उनीहरू सबैमा राजाको दश कर्तव्यहरू लागू हुन्छन्।

**राजाको दश कर्तव्यहरू :-**

प्रथम- स्वतन्त्रता, उदारता र दान हो। शासक धन र सम्पत्तिमा लोभी तथा आसक्त हुनु हुँदैन र जनताको भलाइको लागि दिनु पर्दछ।

दोस्रो- उच्च नैतिक चरित्र (शील) उसले जीव हत्या गर्ने, ठग्ने, चोर्ने अरूलाई शोषण गर्ने, व्यभिचार भ्रष्टाचार गर्ने, असत्य बोल्ने र सुरापान सेवन गर्ने काम गर्नु हुँदैन। यसको मतलब कमसे-कम जनसाधारणको लागि दिएको पंचशीलको पालना गर्नु पर्दछ।

तेस्रो-(परित्याग) जनताको भलाइको लागि हरेक चिज जस्तो आफ्नो व्यक्तिगत सुविधा. नाउँ, कीर्ति अरु जीवन समेत त्याग्न तयार हुनुपर्दछ।

चौथो- इमान्दारिता र पवित्रता ऊ भयरहित वा कर्तव्य पालन गर्नुमा निडर हुनु पर्दछ, आफ्नो इच्छा, आकांक्षामा विश्वासी हुनु पर्दछ र जन समुदायलाई धोखा दिनु हुँदैन।

पाँचौं- सहानुभूति र कोमलता, दयालु स्वभाव भएको हुनु पर्दछ।

छैठौं- वानीमा आत्मसंयम, उसले सामान्य जीवन बिताउनु पर्दछ, विलासिताको जीवन होइन आत्म नियन्त्रण हुनुपर्दछ।

सातौं- द्वेष, कुभावना, शत्रुतारहित, उसले अरूप्रति असन्तोष भइ इर्ष्याले काम गर्नु हुँदैन।

आठौं- अविहिंसा, यसको अर्थ कसैलाई नोक्सानी नगर्नु मात्र होइन, शान्ति कायम राख्नु, लडाईंलाई रोक्ने, हटाउने र आतंक रोक्ने काम गर्नु पर्दछ।

नवौं- धैर्य, क्षमा, सहनशक्ति, समझदारिता (क्षान्ति), उसमा शारीरिक क्लेश कठिनाइ, गाली बेईज्जती, नरिसाईकन सहन सक्ने क्षमता हुनु पर्दछ।

दशौं-अविरोधी र अबाधाकारक, (अविरोध) यसको अर्थ ऊ जन आकांक्षा विरोधी हुनुहुन्न, जनताको भलाइको लागि सहायक हुने कुनै पनि उपायमा बाधा पार्नु हुँदैन, अर्को अर्थमा भन्ने हो भने जनतासँग मिलेर शासन गर्नु पर्दछ।

यदि राज्यको शासन यस्तो गुणले युक्त भएको व्यक्तिले चलाउँदछ भने राज्य सुखी हुन पर्दछ भन्नु पर्ने आवश्यकता हुँदैन। तर समाजले अधिकतम सुख प्राप्त गर्न सक्ने कल्पित व्यवस्था पनि होइन जस्तो कि त्यतिबेला भारतमा राजा अशोक जस्ता राजा पनि भए, जसले माथि उल्लिखित कर्तव्यहरू अपनाई आफ्नो राज्यलाई स्थापित गरेका थिए।

आजको विश्वमा निरन्तर भय, शंका र तनाब व्याप्त छ। विज्ञानले यस्तो हतियारहरू उत्पादन गरेको छ जसले अन्दाजै गर्न नसक्ने क्षति पनि पुऱ्याउन सक्षम छन्, यस्ता मृत्युजन्य उपकरणहरू प्रयोगमा ल्याएर विना हिचकिचा-हट्ले, घमण्डीले एक अर्कालाई ठूलो शक्तिको



Downloaded from http://www.dhamma.digital

धम्कि दिनु, हाँक दिनु जस्ताले त अरू फाइदा भन्दा पनि बढि नोक्सानी क्षति र दु:खको कारण नै हुनेछ ।

यो पागलपनाको पथमा उनीहरू यसरी लम्केका छन् कि, अब यो दिशातिर एक पाइला मात्र अगाडि बढेमा पनि परिणाम अरू नभई सम्पूर्ण मानव जातिको क्षति गरी आपसी विनाश-लाई निम्त्याउँदछ ।

मानवजातिले आफैले रचना गरेको परि-स्थितिबाट आफैं भयभित भई यसबाट निस्कने उपाय चाहन्छन र कुनै प्रकारको समाधान खोज्द छन् । तर पथप्रदर्शक भगवान बुद्धको शिक्षा या धर्म बाहेक अरू केही छैन– यो संदेश हो अहिंसा र शान्ति, प्रेम र मैत्री, क्षान्ति र समझदारी, सत्य र प्रज्ञा, सर्वसत्वको आदरभाव, स्वार्थीपना, शत्रुता, घृणा र हिंसाबाट विरत हुनु हो, विरक्त हुनु हो ।

बुद्ध भन्नुहुन्छ– घृणाले घृणा कहिल्यै शान्त हुँदैन बरू सहानुभूति, करूणाले मात्र शान्त हुन्छ । यो ध्रुवसत्य हो ।

कुनै पनि व्यक्तिले क्रोधलाई सहानुभूतिद्वारा, दुष्टलाई भलो गरेर, स्वार्थीलाई दान दिएर, असत्यलाई सत्यद्वारा जित्न सकिन्छ ।

मान्छेले तबसम्म शान्ति र सुख पाउन सक्तैन जबसम्म ऊ आपनो समीपको मित्र माथि विजय प्राप्त गरी उसलाई अधीनमा राखी आपनो इच्छा पूरा गर्छन्, प्यास मेट्दछन् । बुद्ध भन्नुहुन्छ– विजयीले घृणा जन्माउँदछ र पराजितले दु:खित बनाउंछ । व्यक्ति जसले विजय पराजयलाई त्यागदछ उही सुखी र शान्त हुन्छ । जुन विजयले शान्ति र सुख ल्याउँछ उही आत्म विजय हो । "एक व्यक्तिले लाखौं लडाईंमा विजय प्राप्त गरे पनि सच्चा विजयी त्यो हुन्छ, जसले आफै माथि विजय प्राप्त गर्दछ ।"

अरूले भन्लान् कि यी सबै सुन्दर, उच्च, उत्कृष्ट छन् तर अव्यवहारिक छन्, के एकले अर्कालाई हेला गर्नु, मार्नु व्यवहारिक छ ? जंगलमा जनावरहरू जस्तै निरन्तर डर र शंकामा रहनु, के यो पनि व्यवहारिक छ ? के घृणाले कहिल्यै घृणा शान्त पाऱ्यो ? के दुष्टचाईंले कहिल्यै दुष्टचाईं माथि विजय प्राप्त गऱ्यो ? तर कम्तीमा पनि व्यक्तिगत घटनाहरू सम्बन्धि उदाहरणहरू छन् जहाँ घृणालाई प्रेमले र दयाले शान्त पारेको छ भने द्वेषलाई मैत्रीले जितेका छन् । यो पनि भन्लान् कि यस्तो अवस्था या घटना व्यक्तिगत मात्र सत्य तथा व्यवहारिक हुन सक्दछ तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यहरूमा व्यवहारिक छैनन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय वा राज्य जस्ता शब्दहरूको प्रयोग गरी, प्रचार गरी राजनैतिक दृष्टिले जनसामान्यलाई मोहित पार्दछन्, मनोवैज्ञानिक तवरले छकाउँदछन्, अन्धो पार्दछन् र धोखा दिन्छन् । एक राष्ट्र नै व्यक्ति-हरूको जमात बाहेक अरू के हो र ? राष्ट्र वा राज्यले कार्य संचालन गर्दैन, त्यो त व्यक्ति हो जसले कार्य गर्दछ । व्यक्तिले जे विचार गर्दछ र काम गर्दछ उही राष्ट्र वा राज्यले गर्दछ । व्यक्तिमा जो लागू हुन्छ उही राष्ट्र वा राज्यमा लागू हुन्छ । यदि व्यक्तिगत स्तरमा प्रेम र सहानुभूतिद्वारा घृणा वा वैरभाव माथि विजय प्राप्त हुन्छ भने निश्चय पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पनि यस्तो हुन सक्दछ भन्ने बुझिन्छ । एक व्यक्तिले वैरभाव, द्वेषलाई दया, करूणाले जित्न सकिन्छ भने उसमा अत्यधिक रूपमा साहस, वीर्य, आस्था, नैतिक शक्तिमा दृढ विश्वास हुनु



Downloaded from http://www.dhamma.digital

पर्दछ। के यो अन्तर्राष्ट्रिय कार्यहरू सम्बन्धमा पनि हुन सक्दैन र ? यदि वर्णनद्वारा 'अव्यावहारिक' को अर्थ 'असजिलो' हो भने ठिकै छ। निश्चित रूपमा यो असजिलो छ तैपनि कोशिस गर्नु पर्दछ। यसलाई परीक्षा गरि हेर्नु संकटमय हुन सक्छ। यसलाई प्रयत्न गरी हेर्दा निश्चय पनि आणविक लडाईं भन्दा बढि संकटमय हुन सक्दैन।

आज यस्तो कुरा विचार गर्नु एक आश्वासन र प्रेरणा मात्र हुन्छ, कमसेकम इतिहासमा एक जना यस्ता सुप्रख्यात शासक थिए– अशोक, जो भारतको बौद्ध सम्राट (तेस्रो सताब्दि वि. सि.) जसलाई देवताको प्रिय भनेर भनिन्थ्यो, उसले आन्तरिक र बाह्य कार्यहरूमा आपनो विशाल साम्राज्यको प्रशासन चलाउन बढि साहस, विश्वासले अहिंसा, शान्ति, प्रेम जस्ता कुरामा दृष्टि दिएर बुद्ध शिक्षालाई अपनाएका थिए।

पहिले उनले आपनो बाबु (विन्दुसार) को दृष्टान्त अपनाए र भारतीय प्रायद्वीप पूरै जित्ने इच्छा गरे। उनले कलिङ्ग माथि आक्रमण गरेर जिते र यसलाई संयुक्त पार्‍यो। धेरै लाखौं मरे, घाइते भए, दुःखीत भए, कैदी बनाए। तर पछि उनी जब बौद्ध बने बुद्धको शिक्षाले उसलाई पूरै परिवर्तन गरिदिए। उनको एक प्रख्यात 'राज-घोषणा' जुन चट्टानमा कुँदिएको थियो, (अहिले यसलाई घोषणाको शिलापत्र १३ भनिन्छ) कलिङ्गको विजय सम्बन्धि सम्राटको 'पश्चाताप' भनेर सार्वजनिक रूपमा वर्णन गरेको थियो र भनेको थियो यो संहार सम्झनु मात्र पनि 'असह्य पीडा' हुन्थ्यो। उनले सार्वजनिक रूपमा यो पनि घोषणा गरेका थिए। कि अब कुनै विजयको लागि पनि आफ्नो तरवार तान्ने छैन वरू उनले सबै प्राणीको अहिंसा, आत्म शासन, प्रसन्नता र नरमतालाई नै अभ्यास गर्ने इच्छा गरे। निश्चय पनि धर्म प्रिय अशोकले दया करुणाले जित्नु नै प्रमुख विजय हो भन्ने धारणा लिए जसलाई धम्म विजय भनिन्छ। उनले आफूले मात्र लडाईं त्याग गरेनन्, आफ्ना छोरा नातीहरूले पनि यो भन्दा बढि पाउन विजयको विचार नगरोस्..... भन्ने इच्छा पनि प्रकट गरेका थिए। उनीहरूले पनि त्यस्तो किसिमको विजयको विचार गरोस् जुन करुणाबाट सजिलै प्राप्त होस्। यो यस संसारको लागि र पछिको लागि पनि हितकर छ।

यो मानव इतिहासमा आफ्नो शक्तिको शिरोबिन्दुमा जय प्राप्त गर्ने विजयीको, अरू पनि सिमाना बढाउने पराक्रम भएर पनि लडाईं र हिंसा त्यागेर शान्ति र अहिंसातिर लम्केको व्यक्तिको उदाहरण हो।

यही विश्वको लागि एक शिक्षा हो. उपदेश हो। एक साम्राज्यको शासकले सार्वजनिक रूपमा लडाईं र हिंसालाई पिठ्यूँ फर्काई शान्ति र अहिंसाको सन्देशलाई अंगालो मारेको छ। सम्राट अशोकको जीवनकाल भरी उनको सम्राज्यमा उनको करुणाको फाइदा कुनै पनि छिमेकी राजाहरूले फौजीरूपमा आक्रमण गरेर राजद्रोह गरेर उठाएको ऐतिहासिक प्रमाण भेटिएको छैन, बरू यसको विपरित देश भरी शान्ति छायो, उनको साम्राज्य बाहिरकाले पनि उनको कृपालु नेतृत्वलाई स्वीकार गरेको देखिन्छ।

शक्ति संतुलन र आणविक शक्तिको बढावा-लाई हतोत्साह गर्ने धम्किले शान्ति कायम गर्ने कुरो मूर्खता हो। हातहतियारको थुप्रोले भय र अशान्तिको डर मात्र हुन सक्दछ। भयद्वारा शुद्ध र नित्य स्थिर शान्ति कायम हुँदैन। भयद्वारा द्वेष, ईर्ष्या र शत्रुतालाई केहीहदसम्म मात्र रोक्न



Downloaded from http://www.dhamma.digital

सकिन्छ, तर कुनै पनि समयमा प्रवल भई विष्फोट हुन सक्छ । सच्चा र शुद्ध शान्ति त 'मेत्ता' (मैत्री) जस्तो कि मित्रतामा, शंकारहित र डरबाट मुक्त वातावरणमा मात्र प्रफुस्टित हुन सक्छ ।

बौद्ध धर्मले यस्तो समाजको रचना गर्ने लक्ष राख्दछ जहाँ शान्तिको लागि घातक संघर्ष त्यागोस्, जहाँ जीत र हार नभई स्थिरता, शान्त र शान्ति होस्, जहाँ निर्दोषीलाई, बिघ्न दिनेलाई डरलाग्दो किसिमबाट अनिष्ट प्रकाशित होस्, जहाँ आफू माथि विजय प्राप्त गर्नेको आदर, सैनिक फौज र आर्थिक युद्धद्वारा लाखौंलाई जित्नेको भन्दा बढि होस्, जहाँ घृणामाथि दयाको जीत होस्, वैरमाथि अवैरको, जहाँ शत्रुता, द्वेष, इर्ष्या र लोभले मानिसको चित्तलाई दुषित नपारोस्, जहाँ मैत्री नै कामको लागि कार्यमूलक श्रोत होस्, जहाँ स-साना जीवहरूलाई पनि राम्ररी प्रेमपूर्वक व्यवहार गरियोस्, जहाँ जीवन शान्तिको अनुरूपतामा भौतिक सन्तोषको संसारमा उच्च र उत्तम लक्ष, 'अन्तिम सत्य' निर्वाण सुख प्राप्त गर्न सकोस् ।

ह्वाट् द बुद्ध टठ ?
मूल लेखकः डा वल्पोल राहुल महास्थविर
– अनुवादीका : विजयलक्ष्मी शाक्य
इटुम्बहाल



जन्म – बि. सं. १९५९ साल
कार्तिक २५ गते

दिवंगत – बि. सं. २०५३ साल
कार्तिक २० गते

मदुम्ह मय्जु लक्ष्मी हिरा तुलाधर
जिमिगु पस:या दुजः भाजु प्रज्ञारत्न तुलाधरया माँ
## स्व. मय्जु लक्ष्मी हिरा तुलाधर
कार्तिक 20 गते ९३ वर्ष मदुगुलिं मदुम्ह वय्कया सुगती कामना यासें सुखावती भुवने बास लाय्मा धका बिचाः हाय्का ।

– न्यू ताम्राकार हाउस
भोताहिति, काठमाडौं
फोन – २२१८२९


Downloaded from http://www.dhamma.digital

## अघि बढ

– हरिकृष्ण श्रेष्ठ, धरान–१२

हे मानव चिन बुद्धलाई
पठ गुण बुझ बुद्धलाई
विचार गर ती धर्मलाई
सुस्तरी चलाउ पाइला नर्फाकिने गराई

कति स्वार्थी छ दुनियाँ
धर्मको नामगा कुकर्म पनि गर्छ
घरबार त्याग गरी धर्म कर्ममा लाग्छ
मतलब पूरा भएपछि पुनः साविक फर्कन्छ

यदि फर्किनै छ भने
किन पाइला चलाउने
जब पाइला नै चलाएपछि
किन फेरी फर्कने

त्यसैले म भन्छु हे प्राणी हो
बुद्ध धर्म नै अंगाल्न पर्छ भने
धेरै कुरा सोच बुझ जान
तब नर्फाकिने अरु धर्ममा भनी अघि बढ !

## करुणाको धारा

अनुवादक – सुगत सेवक

बहाइदेउ फेरी करुणाको धार
नानाविधि अत्याचारबाट तप्त भयो संसार ।

शुद्धोदनको पुत्र थियो प्यारा,
अखिल जगतको आँखाको तारा,
कहाँ गयौ गुरुदेव हाम्रा,
हामीलाई छोडी त्यस–पार ।।१।।

बल्दैछ आज परस्पर ज्वाला,
भयो हाम्रो मानस (मन) काला,
पिलाइ–पिलाएर धर्मरस प्याला,
गर शान्तिको संचार ।।२।।

सुन्दर मध्यम मार्ग सिकाई देउ,
उँच नीचको भेद मेटाई देउ,
प्रेम नामको तीर्थ बनाई देउ,
लिई सद्–विवेक सहारा ।।३।।

– बोधिद्रुमबाट

## ईश्वर ईश्वरको भ्रम

– विनय रावल

ईश्वर कहिल्यै देखा परेनन्
मान्छेले कति गुहारे
मान्छेले कति धर्म गरे ।
मान्छेहरू बीचमै ईश्वर छन्
भन्नेहरू यसो पनि भन्छन् ।
मान्छेलाई सिर्जना गर्ने ईश्वर
किन ओझेल छन् ?
किन मौन छन् ?
बुझ्न नसक्नु यथार्थ भएको छ ।
अचेल त मलाई यस्तो लाग्न थालेको छ
मान्छेलाई त बनायो ईश्वरले
तर मान्छे बनाएको दिनदेखि
मान्छेले ईश्वरलाई नै ठग्न थाल्यो
अनि ईश्वर लाजले भुतुक भएर
मान्छेदेखि नै टाढा बस्न थाल्यो ।
मान्छे अचेल ईश्वर नदेखेर
पत्थरको मूर्ति कुँदेर
ईश्वर यही हो भनेर भ्रम सिर्जना गर्न खोज्दैछ ।



Downloaded from http://www.dhamma.digital

# थेरवाद दायक परिषद् र....

आज त जाडो भएपनि छलफल कार्यक्रमका सहभागीहरू ठीक समयमै उपस्थित भएको छ रात्रं भयो। यसरी समयको मूल्य सम्झी यथासमय कार्यक्रम शुरु गर्न सके नेपालको विकास हुन्छ कि !

आज मात्र भागलिनु भएको एकजना भिक्षुले प्रश्न गर्नुभयो—थेरवाद केन्द्रीय दायक परिषद् र अखिल नेपाल भिक्षु संघ बीचको सम्बन्ध किन राम्रो नभएको ?

अर्को सदस्यले भन्नुभयो—यो प्रश्न भिक्षु संघमा सोध्नु पर्ने तपाईं त एक भिक्षु पनि हुनुहुन्छ। भिक्षुले भन्नुभयो—तपाईंहरूको छलफल कार्यक्रममा अनेक विषयमा छलफल हुने गर्छ। धेरै विषयमा तपाईंहरूलाई ज्ञान पनि छ, त्यसैले म पनि यहाँ आएर सोध्न आएको।

एकजना सदस्यले भन्नुभयो—हामीलाई थाहा भए अनुसार त केन्द्रीय दायक परिषद्को विधानमा भिक्षुहरूलाई नियन्त्रण गर्नको लागि विभिन्न नियमहरू बनाई भिक्षुहरूले सो नियमहरू पालन गर्न निर्देशन दिने कार्यहरू गर्दै आएको देखिन्छ। तर त्यस्तो नियमहरू त भगवान् बुद्ध स्वयमले नै बनाउनु भएको छ। त्यसैले उपासकहरूले फेरि ती नियम दोहऱ्याई बनाउनु आवश्यक देखिंदैन। उनीहरूको विधानमा ती नियमहरू हटाई दिएमा मात्र सम्बन्ध सुध्रिने देखिन्छ।

अर्को एकजना नयाँ सदस्यले भन्नुभयो—त्यो त दायक परिषद्को विधान भयो। त्यो विधान भिक्षुहरूले किन मान्नु पर्ने। धर्म प्रचारको लागि दायक परिषद्को सहयोग लिएर अघि बढ्न पाएमात्र ठीक हुन्छ कि !

फेरि उही सदस्यले भन्यो—केन्द्रीय दायक परिषद्ले किण्डोलको बेचिसकेको एउटा विहारलाई बचाइदियो। अर्को कुरा एकजना जापानीले बलम्बु विहारको परियत्ति शिक्षा विकासको लागि भनी दिइएको दश हजार डलरको रकम एकजना उपासकले गायब गर्न लागेको थियो। सो रकम केन्द्रीय दायक परिषद्ले नै बचाइ-दियो। अर्को कुरो केन्द्रीय दायक परिषद्ले बुटवल सडकमै बुद्धमूर्ति स्थापना गरिदियो। त्यसको लागि बुटवल नगरपालिकाले सहयोग दिएको छ। यस्ता काम-हरू त राम्रै हुन् नि ! त्यसैले हामीले किन समर्थन नगर्ने ?

अर्को एकजना गाउँबाट आउनु भएका उपासक र एकजना बुद्धिजीवी उपासकले भन्नुभयो—केन्द्रीय दायक परिषद्को मिटिंगमा भाग लिएको थिएं त्यहाँ त भिक्षु-हरूको मात्र आलोचना भइरहेको सुने। तर मलाई भने भिक्षुहरूको विषयमा गरिने नचाहिंदो आलोचनाहरू सुन्न मन लाग्दैन। हामीलाई त भिक्षुहरू चाहिन्छ। किनभने हाल बुद्ध धर्मको विषयमा ज्ञान हासिल गर्न पाइराखेको र हाम्रो गाउँघरमा विहार निर्माण भइराखेको भिक्षुहरूकै नेतृत्वमा त हो नि।

एकजनाले भन्यो—आज यसको विषयमा धेरै चर्चा नगरौं। हामी आफू आफू सुधार हुने प्रयत्न गरौं। अरूको किन चर्चा। निन्दाबाट बचन सक्ने को मात्र होला। भरसक अरूलाई निन्दा र लांछना लगाउने काम हामीले नगरौं। सबै सहमतीमा पुगे।



Downloaded from http://www.dhamma.digital

## पुण्यानुमोदन

अर्को एकजनाले प्रश्न गरे—पुण्यानुमोदन गर्दाखेरि धेरैंजनाले इदं वो ञातीनं होतु भनेर पढ्ने गर्दछन्। तर कतिपय भिक्षुहरूले इदं नो ञातीनं होतु भनेर पढ्ने गर्दछन्। यी दुइटैमा के फरक छ ?

उत्तर आयो, दुइटै अशुद्ध छैनन्। इदं नो भन्दाखेरि हाम्रो ज्ञातिबन्धुलाई भन्ने अर्थ आउँछ र, इदं वो भन्दाखेरि तिमीहरूको आफन्तलाई भन्ने अर्थ जनाउँछ। सबै मिलेर पढ्दाखेरि इदं वो ञातीनं भनी पढ्नु राम्रो हुन्छ। यसरी पढ्दा स्वार्थभावबाट अलग्गिने हुन्छ। मृत्यु संस्कार गर्ने ठाउँमा मृतकका परिवारले मात्र इदं नो ञातीनं भन्न मिल्छ। अरू दर्शकवर्गले र भिक्षुहरूले इदं वो भन्नु नै धेरै राम्रो हुनेछ। तर चलन अनुसार र भावना अनुसार सबैले इदं वो ञातीनं पढ्नु नै सर्वथा उचित देखिन्छ। आफ्नो र हाम्रो भन्ने भावना भन्दा तिम्रो र उनीहरूको आफन्तलाई भन्नु राम्रो र उदार देखिन्छ।

## अष्टपरिष्कार

एकजनाले प्रश्न गऱ्यो—भिक्षु संघलाई अष्टपरिष्कार दान दिने चलन चलित भइरहेको छ त्यसको महत्व के ? अर्थ के होला ?

एकजनाले भन्यो—यो प्रश्न पनि भिक्षु संघमा सोध्नु पर्ने तैपनि मैले सुने अनुसार भन्दैछु। अष्टपरिष्कारमा चीवर ३, कमर पेटी १, पानी चाल्नी १, रौं खौरने छुरा १, सियो र धागो १ र भिक्षा पात्र १ गरी यी आठ चीजहरू भिक्षुहरूलाई नभई नहुने व्यक्तिगत सम्पत्ति हो। भिक्षु बस्नलाई चीवर चाहियो। एउटा भित्र लाउने अन्तर वासक, एउटा बाहिर लाउने उत्तरासंग चीवर र माथि लाउने बढी चीवर अर्थात् संघाटि भनिने दुपट्टा चीवर। एउटा बढी भएको चीवर गाउँ–गाउँमा जाँदाखेरि बिछ्याउने र ओढ्न सक्ने। सियो, धागो जंगलमा बस्दाखेरि चीवर च्यातदा आफैंले सिउने, कपाल आफैंले काट्नलाई छुरा, कम्मरमा बाँध्नलाई पेटी, पानी छान्नलाई चालनी र भिक्षा जानलाई पात्र एउटा। भिक्षु जीवनको लक्ष्य धर्म प्रचार गर्नु हो। भिक्षुको रूप देखेर मानिसहरूको श्रद्धा जाग्छ। जुन धर्म प्रचारको लागि धेरै उपयोगी छ। तर यसमा पुरोहितवादको कुरा पनि समावेश भएको छ। तर जे होस् आज धेरै जाडो लागेको छ। त्यसैले आजको छलफललाई यहीं समाप्त गरौं। ★★★

# धर्म जीवन जीउने कला

– सुनीता बज्राचार्य

जीवन एकातिर सुख
आनन्द र संतुष्टि हो।
अर्कोतिर दु:ख कलह
असंतुष्टि पनि हो।
सुख दु:ख आएपनि
समतामा बस्नु हो।
अविद्याको जडलाई
प्रज्ञाको बलले हटाउनु हो।
झगडा र अशान्तिको बिउ
आफ्नै भित्र खोज्नु हो
यदि साँच्चै नै आफू भित्र शान्ति खोज्ने हो भने
ध्यान भावना गर्नु हो।
साँचो अर्थ खुले सधैं
यही मार्ग अपनाउने प्रण गर्नु हो।
अरु साँचो अर्थमा भन्ने हो भने
धर्म जीवन जीउने कला हो।



Downloaded from http://www.dhamma.digital

# स्व. रत्नबहादुर उपासकया लुमन्ति

**– भिक्षु अश्वघोष**

रत्नबहादुर तण्डुकार उपासक छम्ह उपासक धाय्‌बह्‌पिं मध्ये न्ह्याःबलें लुमंके बहम्ह व्यक्ति खः। भिक्षुपिनिगु विहारे वना च्वनीपिं मेपिं यक्वं श्रद्धा दुपिं दु। तर रत्नबहादुर तण्डुकारया दाँजाय्‌ इपिं मध्यं धाय्‌फु। जि खनागु कथं वय्‌कयागु उपासक गुण लुमंके बहगु छता खँ थेरवाद धर्मया भन्तेपिनि प्रति अचल श्रद्धा। गनं विहार प्रति पक्षपात धयागु मदु। अनगारिका विहार प्रति नं पक्षपात मदु। च्यला न्याला न्ह्याे फुक्क बिहार विहारे थः हे वना गनं स्यादो, गनं दोछि, गनं न्यासः आर्थिक गुहालि बियायें भिक्षुपिन्त नं अनगारिकापिन्त नं म्हँति म्हँति अलग अलग निसः व सच्छि बिया दिल।

जि वय्‌कयाके न्यना छि छाय्‌ भन्तेपिनि प्रति श्रद्धा तया दियागु? वय्‌कया लिसः खः नेपाल बुद्ध जन्मभूमि खःसा नं बुद्धयात म्ह मस्यू। वसपोल बुद्धं छु उपदेश बिया बिज्यात धयागु मस्यू। वैशाख पुन्हीया महत्व मस्यूपिन्त भन्तेपिसं थुइका बिल। मिथ्या दृष्टि व सम्यक्‌दृष्टि धयागु छु धयागु थुइका बिल। अथे जूगुलिं भन्तेपिंत रक्षा याना तय्‌मा धका फक्को आर्थिक गुहालि बिया दान बिया च्वनागु। जित ला भन्तेपिनिगु कुं च्यनीपिं खन कि तँ पिहाँ वो। छम्ह निम्ह भन्तेपिं ताले मलापिं दय्‌फु। अज्योपिं भिक्षुपिं भगवान्‌ बुद्धया पालंनिसें दु। गुण सम्पन्नपिं भिक्षुपिं दुसा धर्म प्रचार याय्‌ अपु खः। एसां भिक्षुपिं मन्त कि बुद्ध धर्म हाकनं न्हना वनी।

जि धया छि यक्व ध्यबा दान बिया च्वन छें कायपिनि योला मयोला? काय्‌पिन्त सम्पत्ति छुटे याना वी धुन ला? लिपा काय्‌पिं ल्वाना च्वने माल कि हिसि दइ मखु।

वय्‌क नं धँदिल—काय्‌पिन्त म्ह्याय्‌पिन्त मिले याना बी धुन। छेँया बा वँगु नं मिलेयाना बी धुन। जि दान बिया च्वनागु जिगु थःगु कमाइ। उपासकपिसं इलेबिले मनं खना भन्तेपिन्त मामागु पुरेयाना मबिल धाःसा भन्तेपिं गन टिके जुइ, फीसं मनं तुनायें गन ताले लाइ।

वय्‌क मफया च्वंबले परित्राण पाठ याय्‌त सःत वल। यना मैत्री चित्तं परित्राण पाठ याना। लिपा धया छि यक्व धर्म याना दिल। भिक्षुपिन्त जक मखु स्वयम्भू ज्ञानमाला भजन खलःयात नं गाक्कं गुहालि याना दिल। छि पुलांम्ह भजन खलःया नायो नं खः। आः छुं पीरकाय्‌ मते—

वय्‌क नं धँदिल—मेगु छुं पीर मदु, थज्योगु ल्वे जुइका काय्‌पिन्त मोपिन्त दुःख बिया च्वने माल।

जि धया ल्वे जुइगु प्रकृति नियम खः। जन्म जूपिं सकलें धँयें ल्वे जू। भगवान्‌ बुद्ध नं महापरिनिर्वाण जुइ न्ह्याे ल्वे जुल। हि फारा जुल। सकलें बुढा जुइ तिनि। सकलें सी मानी।

अनं लिपा काय्‌पिं नापं छगू निगू खँ ल्हाना। छम्ह कायं धाल—भन्ते जिपिं अबुं वयंगु थेरवाद धर्म माने याना च्वनापिं। आः अबु म्ह मफुबले मनूतसें नागया दोष, थुगु दोष, पुँइ हाय्‌के माल, बौ तय्‌यंके माल, फलनाम्ह द्यो पूज्याय्‌ माल धावल। छुयाय्‌ छुयाय्‌ जुल। मेपिनिगु खँ न्यना याय्‌ला धाःसा अबुया मयोगु ज्या। मयाय्‌ला धाःसा मनै धौबजि वाल। मन मच्वं। थुकि सीदु रत्नबहादुर तण्डुकारं थः जक थेरवाद धर्मे लगे जूगु मखु काय्‌ म्ह्याय्‌पिन्त नं धर्मया रस त्वंका वीगु दु।

बुद्धं धँबिज्यागु दु—"रूपं जीरति मच्चानं नामगोत्तं नजीरति" अर्थ—मनूतय्‌गु रूप नाश जूसा नं नां व गोत्र नाश जुइ मखु। रत्नबहादुर उपासकया नां व गुण फीगु मिखां गुबलें नं तापाइ मखु। 卐



Downloaded from http://www.dhamma.digital

## २०५३ मंसीर ८ गते

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्ती कार्यक्रमको समिक्षा गरियो। समिक्षा कार्यक्रममा गोष्ठीका सदस्यहरूले रजत जयन्ती कार्यक्रमले सफलता हासिल गर्न सकेको बारेमा सन्तोष व्यक्त गर्नुहुंदै आगामी कार्यक्रमको लागि यथेष्ट समयको साथसाथै समय तालिकाको पनि आवश्यकता भएको महसूस गरियो। उक्त कार्यक्रम सफल पार्न सहयोग पुन्याउनु हुने गोष्ठीका सम्पूर्ण सदस्यहरू र प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग पुन्याउनु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिनुहुंदै यस कार्यक्रममा देखिएका कमी कमजोडीहरूलाई गल्ती मात्र नठानी आगामी कार्यक्रमहरूका लागि मार्गदर्शक पनि हो भन्ने सम्झी सो अनुसार आगामी कार्यक्रमहरूका लागि पूर्वतयारी गर्नुपर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

यस समिक्षा कार्यक्रम पश्चात् बर्माबाट आउनु भएका भिक्षु उखेमिन्वद्वारा गोष्ठीका सदस्यहरूलाई उपहार स्वरूप जयमाला दिनुहुंदै जप गर्ने तरिका पनि सिकाउनु भएको थियो। उहांले भन्नुभयो—"जप गर्नु पनि एक किसिमको ध्यान नै हो, जुन थोरै समयमा जहां बसेर भएपनि केही क्षण मनलाई एकाग्र गर्न सकिन्छ। मनलाई एकाग्र गर्नु नै भावना हो।" उक्त कार्यक्रमको संचालन श्री विकासरत्न तुलाधरले गर्नुभएको थियो भने सुश्री रचना शाक्यले रिपोटिङ्ग गर्नुभएको थियो।

## २०५३ मंसीर १५ गते

श्री मदनरत्न मानन्धरले लिनु भएको कक्षामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्ती बारेमा नै समिक्षा गर्दै शुरु गरिएको थियो। उक्त कक्षामा उपस्थित हुनु भएका सदस्यहरूले आ-आफ्नो विचार व्यक्त गर्नुहुंदै भन्नुभयो—"कुनै पनि संस्था राम्ररी संचालन हुन योजनावद्ध रूपमा कार्य संचालन गर्न जरूरी देखिन्छ। कार्य थालनी भएपछि हुन गएका गल्तीहरूलाई आलोचना मात्र गर्ने होइन, त्यसलाई सही सुझावहरू दिने पनि गर्नु पर्दछ।" यही प्रशंगमा श्री मदनरत्न मानन्धरले संस्थालाई एक मिश्रीत क्वाँटीको रूपमा लिनु हुंदै भन्नुभयो—"यहां विभिन्न परिवारबाट विभिन्न स्वभाव र विचारधाराका व्यक्तिहरू सम्मिलित छन्। त्यसैले कहिले काहीं यहां कुनै विषयमा विवाद हुनु अस्वाभाविक होइन। यस समस्यालाई समाधान गर्न आलोचना मात्र होइन, आत्मालोचनाको जरूरी देखिन्छ। जसरी बाल-बालिकाको सफलताको लागि अभिभावकले उनीहरूको कार्यहरूप्रति दृष्टि पुन्याउंदै ठीक बाटोमा दोन्याउने गर्दछ।"

श्री विकास रत्न तुलाधरद्वारा संचालित यस कक्षाको सभापति श्री ध्रुबराज कर्णिकारले पूर्व कार्यक्रमको समिक्षाबाट निस्केको आलोचना नै पछिको कार्यक्रमको लागि प्रेरणा हो भन्नुहुंदै कक्षा समापन गर्नुभयो। उक्त कार्यक्रमको रिपोटिङ्ग सुश्री लक्ष्मी शाक्यले गर्नुभएको थियो।

---

विशेष सदस्य—

S. No. 216

NARWANG TAMANG
248 Wat Bovaran Vihar
Banglamphu Bangkok 10 200
Rs. 1001/-

---



Downloaded from http://www.dhamma.digital

## बौद्ध जागरण शिविर (नवौं)

ध्यानकुटी विहार बनेपा र युवा बौद्ध समूह काठमाडौंको संयुक्त आयोजनामा गत मंसीर २९ गते देखि संचालन भएको नवौं बौद्ध जागरण शिविर पुस ६ गते ध्यानकुटी बनेपामा भव्य समारोह गरी सम्पन्न भएको छ। उक्त समापन समारोहमा प्रमुख अतिथि म्यानमारका महामहिम राजदूत ऊ खें माऊ औंले आठ दिनसम्म प्रशिक्षण कार्यक्रममा भागलिनु भएका प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र र पुरस्कार वितरण गर्नुभयो।

स्वागत गानबाट शुरु भएको उक्त समापन समारोहमा स्वागत भाषण दिनु हुँदै युवा बौद्ध समूहका अध्यक्ष हर्षमुनि शाक्यले पचहत्तरै जिल्लामा बुद्धको शिक्षा प्रचार होस् भन्ने विचारले यस्तो विभिन्न बौद्ध जनजातिहरूका लागि बुद्धको शिक्षा प्रशिक्षण कार्यक्रमहरू समय समयमा संचालन गर्दै आइरहेको कुरा प्रष्ट्याउनु भयो।

उक्त कार्यक्रममा नेपाल मगर संघका अध्यक्ष गोरेबहादुर खपांगी, बौद्ध विद्वान एम्. एस्. थापा मगर, थारू युवा बौद्ध समूहका अध्यक्ष महेश कुमार चौधरी, बाशुदेव चौधरी तथा अर्जुन लामाहरूले शिविरबाट आ-आफूले के कस्तो प्रेरणा लिइयो र फर्केर गएर कसरी बुद्धको शिक्षा प्रचार गर्ने भन्ने बारे प्रकाश पार्नुभयो।

प्रमुख अतिथि म्यानमार (बर्मा) का राजदूतले नेपाल र बर्मा बीच बुद्ध धर्मले गर्दा दुई देश बीच दिन प्रतिदिन मैत्री सम्बन्ध बलियो भइरहेको विचार प्रकट गर्दै— नेपाल सरकारले प्रदान गरिएको बुद्धमूर्ति स्थापना गरी नेपाली कला अनुरूप छुट्टै बुद्ध विहारको निर्माण भएको त्यस्तै लुम्बिनीमा लोकमुनि चैत्य बर्मी शैलीको निर्माण भैसकेको कुरा जानकारी गराउनु भयो।

सभापतिको आसनबाट भिक्षु अश्वघोषले भन्नुभयो— "बौद्ध जागरण प्रशिक्षणको एक प्रमुख उद्देश्य गतिशील कार्यकर्ताको उत्पादन गर्नु हो। गौतम बुद्धले आफूले प्रचार गर्नुभएको शिक्षालाई कसैले मान्नैपर्छ भन्ने बाध्य तुल्याएको छैन। हामीले पनि गाउँ-गाउँमा गएर बुद्धको शिक्षालाई व्यवहारमा उतार्न सक्ने गरी प्रचार गर्नुपर्छ।"

अन्तमा युवा बौद्ध समूहका सचिव त्रिरत्न मानन्धरले भन्नुभयो— "ध्यानकुटी विहारका उपासिकाहरूले आशातीत श्रद्धाले सहयोग दिनु भएकोले यस शिविर सफल भएको हो। अतः सहयोग दिने सबैप्रति युवा बौद्ध समूह कृतज्ञ छौं र धन्यवाद ज्ञापन गर्दछौं। साथै हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशनले आर्थिक सहयोग दिनु भएकोमा उक्त संस्थालाई पनि धन्यवाद दिन चाहन्छौं।" उक्त कार्यक्रम तेजनारायण मानन्धरले संचालन गर्नुभएको थियो।

सिराहा, सप्तरी, दोलखा, नवलपरासि, तनहुँ, उदयपुर, बाग्लुङ्ग, धादिङ्ग र रूपन्देही जिल्लाका जम्मा ५० जवान प्रशिक्षार्थीहरूले भागलिनु भएको उक्त प्रशिक्षण शिविरमा भिक्षु अश्वघोष, भिक्षु सुदर्शन, (भिक्षुणी) अ. वीर्यवती, हर्षमुनि शाक्य, लोकदर्शन बज्राचार्य, त्रिरत्न मानन्धर, न्हुछेबहादुर "कमल" बिपेन्द्र महर्जन, देवरंजित, सुरेन्द्रमान शाक्य, अमिता धाखवा, डा. भद्ररत्न बज्राचार्य, मित्र सुशोभन, सुवर्ण शाक्य, तेजनारायण पंजियार, एम्. एस्. थापा मगर र धर्मशील शाक्य आदिले प्रशिक्षण दिनुभएको थियो।



Downloaded from http://www.dhamma.digital

## बौद्ध जागण प्रशिक्षण शिविर (नवौं)

### मंसीर २८ देखि पुस ६ गतेसम्म

युवा बौद्ध समूहका कोषाध्यक्ष रत्नजीव कंसाकारको प्रतिवेदन ।

### आयतर्फ

युवा बौद्ध समूह काठमाडौंलाई यस नवौं शिविर संचालन गर्नको निमित्त हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशनबाट एकमुस्त रकम सहयोग प्राप्त भएको रू. ५०,०००।–

यो सहयोगको निमित्त उपरोक्त संस्थालाई हार्दिक कृतज्ञता प्रकट गर्दछ । यसप्रकारको सहयोग भविष्यमा पनि प्राप्त भई नै रहने छ भनी यस समूह परिवारलाई आशा एवं विश्वास छ ।

### व्ययतर्फ

२०५३–८–२८, २९ मा संघारामभा

| | |
|---|---|
| जलपान भोजन | ११७५।– |
| मंसीर ३० देखि पुस ६ सम्म जलपान, भोजन ४ पल्ट | २०,००५।– |
| यातायात कूल खर्च | ४५८०।– |
| पाठ्य पुस्तक खरिद गरेको | ५१०।– |
| मसलन्द सामान खरिद गरेको | ४९४।– |
| कार्यक्रम पुस्तिका, निमन्त्रणा कार्ड प्रमाण–पत्र छापेको | १६६५।– |
| परिक्षकहरूलाई उपहार प्रदान | ५०००।– |
| भिडिओ देखाएको | ५००।– |
| औषधी खरिद गरेको | ५८८।– |
| फोन, फ्याक्स, डाक, तार जम्मा खर्च | १६५५।– |
| तूल कपडा र त्यसमा लेखेको ज्याला | ८७५।– |
| फोटो रोल, डेभलप, प्रिंट र इनलार्ज | २५००।– |
| अडियो क्यासेट चक्का किनेको | १५००।– |
| समापन समारोहको निमित्त जलपान | ४५००।– |
| समापन समारोहको लागि भिडिओ चक्का र ज्याला | १०००।– |
| विविध | ४८५७।– |
| एफ्. एम्. माइक र सो सम्बन्धी सामान | १०००।– |
| जम्मा | ५२४०४।– |

सोही अवसरमा रामकृष्ण त्यापा मानन्धरले उहाँकी स्व. माता बेटीमाया मानन्धरको पुण्यस्मृतिमा रू. १६१०५।– को एकमुष्ट रकम ध्यानकुटी विहारको पानीको महसूल बुझाउनको लागि दान दिनु भएको छ । सो साँवा रकमबाट प्राप्त हुने ब्याजबाट ध्यानकुटी विहारको प्रत्येक महिनाको पानीको महसूल बुझाउन सहयोग मिल्ने भएको छ ।

### भिक्षाटन कार्यक्रम

अन्तर्राष्ट्रिय भिक्षुणी संघको तर्फबाट हाले लुम्बिनीमा निर्माण भइरहेको विहारको लागि सहयोगार्थ २०५३ मंसीर २१ गते देखि २६ गतेसम्म धरान बुद्ध विहारको आयोजनामा धरान वार्ड नं. २, ३, ५, ७, ८, ९ र १२ मा अनगारिका भिक्षुणीहरू भिक्षाटन जानु भएको थियो । भिक्षाटनमा जानु भएका गुरुमाँहरूलाई विहार परिवारबाट जलपान र भोजनको प्रबन्ध मिलाइएको थियो भने उपासिका हेरादेवी हलवाईले एकतर्फी यातायात खर्च रू. १५००।– प्रदान गर्नुभएको थियो ।

भिक्षाटनका लागि जानु हुने भिक्षुणी गुरुमाँहरू–

१. दो गुणवती, २. धम्मवती, ३. दो कुलाचारी, ४. दो जनसिञ्चि, ५. दो धम्मवती, बर्मा ६. सुमेधावती

भिक्षाटनबाट प्राप्त रकम रू. ७६३६१।–
बाटो खर्च रू. २७५०।–
बाकी रकम जम्मा रू. ७३६११।–



Downloaded from http://www.dhamma.digital

भिक्षाटनमा सहयोग गर्नु हुने उपासक उपासिका-हरू—१. हेरादेवी हलवाई २. ज्ञानलक्ष्मी ताम्राकार ३. मिना ताम्राकार ४. बिना ताम्राकार ५. रामप्यारी ताम्राकार ६. कृष्णप्यारी ताम्राकार ७. मीना राई ८. चम्पा राई ९. धर्मकुमारी बोक्तान १०. चन्द्रमाया ताम्राकार ११. भिमा पाखीन १२. बाटूली मोक्तान १३. सीता मोक्तान १४. आशा मोक्तान १५. देवी ठकुरी १६. निलकुमारी स्थापित १७. गंगा राई १८. मेनका राई १९. लक्ष्मी राई २०. इन्दीरा हलवाई २१. चन्द्रप्रभा रिमाल २२. पूर्णकेशरी मानन्धर २३. बुद्धलक्ष्मी श्रेष्ठ २४. शारदा ताम्राकार २५. शुभलक्ष्मी ताम्राकार २६. सुमना शाक्य २७. सपना शाक्य २८. विष्णुदेवी श्रेष्ठ २९. वीरबहादुर मोक्तान ३०. राजेन्द्र सुब्बा ३१. पद्मबहादुर डूम्जन ३२. लालबहादुर ताम्राकार ३३. बद्री मोक्तान ३४. खड्गबहादुर मोक्तान ३५. बुद्ध-राज मोक्तान ।

## भक्तपुर बौद्ध संघको रजत जयन्ती

भक्तपुर बौद्ध संघको रजत जयन्तीको शुभ अवसरमा भक्तपुरमा भिक्षु सद्धानन्द महास्थविरज्यूको प्रमुख आतिथ्यमा कवि सम्मेलन र ज्ञानमाला भजन खलःको तर्फबाट एक सांस्कृतिक कार्यक्रम पनि सम्पन्न गरेको समाचार छ । भिक्षु धर्मशोभन महास्थविरले शील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा त्रिरत्न शाक्य-ज्यूले स्वागत भाषण गर्नुभएको थियो भने उक्त समारोह-मा भिक्षु संघबाट महापरित्राण पाठको कार्यक्रम पनि समावेश गरिएको थियो ।

## अमृत परियत्ति शिक्षालय

२०५३ साल पौष १० गते श्रीलंकाका महामहिम राजदूत श्री जयसिंहको प्रमुख आतिथ्यमा आनन्दकुटी विहारमा अमृत बौद्ध परियत्ति शिक्षालयबाट उत्तीर्ण छात्र-छात्राहरूलाई प्रमुख अतिथिबाट प्रमाण-पत्र र पुरस्कार वितरण समारोह सम्पन्न भयो ।

अमृत परियत्ति शिक्षालयका प्रमुख भिक्षु धर्म-मूर्तिले वार्षिक प्रतिवेदन सुनाउनु हुँदै भन्नुभयो—पूज्य अमृतानन्द महास्थविरको पुण्यस्मृतिमा यो शिक्षा संचालन भएको हो । परियत्तिका छात्र-छात्राहरूलाई पाठ्य पुस्तक निःशुल्क वितरण गर्नुपर्दा आर्थिक संकट उत्पन्न भएको थियो । तर भिक्षु अनिरुद्ध महास्थविर, भिक्षु कुमार काश्यप महास्थविर, श्री न्हुछेबहादुर बज्रा-चार्य र श्रीमती बिमला बज्राचार्यहरूले आर्थिक सहयोग दिनु भएकोले त्यो संकटबाट मुक्त भएको छ । भविष्यमा पनि यस्तै सहयोग पाउने आशा गर्दछु ।

उक्त अवसरमा भिक्षु सुदर्शनले परियत्ति शिक्षाको महत्व बारे बोल्नु हुँदै भन्नुभयो—"शारीरिक बल, भौतिक बल र नैतिक बल मध्ये परियत्ति शिक्षाबाट नैतिक शिक्षाको प्रेरणा मिल्छ ।"

श्री न्हुछेबहादुर बज्राचार्यले आजको युगले कुरा धेरै गर्ने र कम काम गर्ने बानी बसाएको छ । तर बौद्ध परियत्ति शिक्षाले कम बोल्ने र धेरै काम गर्ने शिक्षा दिन्छ भन्नुभयो ।

परियत्तिका छात्रद्वयले (मानन्धरहरूले) बोल्दै भन्नुभयो--"हामी जन्मले बौद्ध हौं । तर बुद्धका शिक्षा बारे केही ज्ञान नभएका र अबौद्ध संस्कारका रहेछौं भन्ने कुरा बौद्ध परियत्ति शिक्षा अध्ययन पछि मात्र थाहा पायौं ।"

## श्रीलंका सरकारबाट आर्थिक सहयोग

उक्त दिन सोही समारोहमा श्रीलंकाका धार्मिक मन्त्रालयको तर्फबाट भिक्षुहरूलाई चतुप्रत्ययको लागि



Downloaded from http://www.dhamma.digital

आर्थिक सहयोग स्वरूप रू. ९९५९।५३ पैसाको चेक भिक्षु कुमार काश्यप महास्थविरलाई श्रीलंकाका महामहिम राजदूत जयसिंहले हस्तान्तरण गर्नुभयो। त्यस्तै संघाराम भिक्षु तालिमको लागि भिक्षु अश्वघोष महास्थविरलाई रू. ९९५९।५३ पैसाको चेक पनि हस्तान्तरण गर्नुभयो।

## महापरित्राण पाठ

२०५३ पौष १४ गतेका दिन आनन्दकुटी दायक सभाको आयोजनामा आनन्दकुटी विहारमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको ५३ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य र दीर्घायु कामना गर्दै भिक्षु संघको तर्फबाट १ दिने महापरित्राण पाठ सम्पन्न भएको समाचार प्राप्त भएको छ।

## भिक्षु कुमार काश्यपलाई स्वागत

बुद्ध विहार होलङ्दी तानसेनमा करुणा बौद्ध संघद्वारा अखिल नेपाल भिक्षु महासंघ काठमाडौंका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरज्यूको स्वागत एवं धर्मोपदेश कार्यक्रम भव्यताका साथ सुसम्पन्न भएको समाचार छ। करुणा बौद्ध संघका धम्मानुशासक एवं संघ नायक भिक्षु शाक्यानन्द महास्थविरज्यूको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा संघका अध्यक्ष छत्रराज शाक्यले नेपालको एकमात्र प्रथम त्रिपिटकाचार्य पाल्पाली बौद्ध विद्वान भिक्षु कुमार काश्यपको गुणहरू बारे प्रकाश पार्नु भएको थियो। सो कार्यक्रमको संचालक मदनलाल बज्राचार्य हुनुहुन्थ्यो।

करुणा बौद्ध संघको अध्यक्ष छत्रराज शाक्यको निमन्त्रणामा पाल्नु भएका भिक्षु कुमार काश्यप महास्थविरज्यू तानसेन पाल्पामा २ हप्ता बस्नुभई विभिन्न कार्यक्रमहरूमा सहभागी हुनु भएको थियो।

प्राप्त समाचार अनुसार २१ मार्ग २०५३ का दिन शाक्यानन्द महास्थविरज्यू र भिक्षु कुमार काश्यप महास्थविरज्यूको समुपस्थितिमा करुणा बौद्ध संघको कार्यकारिणी एवं साधारण सदस्यहरूको विशेष बैठक सम्पन्न भएको थियो। सो बैठकमा अध्यक्ष छत्रराज शाक्यले भिक्षु कुमार काश्यपलाई स्वागत गर्नुहुँदै करुणा बौद्ध संघको विभिन्न गतिविधिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष विरेन्द्रकाजी शाक्यबाट गत महिनाको आय–व्यय प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। भिक्षु कुमार काश्यपले थोरै समयमा पनि करुणा बौद्ध संघले गरेको प्रगति कार्यप्रति हर्ष व्यक्त गर्नुहुँदै अन्य बौद्ध गतिविधि र पुस्तकालयको विकास अघि बढाउन विशेष मार्ग निर्देशन दिनुका साथै शुभेच्छा व्यक्त गर्नुभएको थियो।

२५ मार्गका दिन पाल्पाका चिर्तुङ्धारा गा. वि. स. मा आयोजना गरिएको "करुणा निःशुल्क स्वास्थ्य शिविर" मा २२५ जवान रोगीहरूलाई स्वास्थ्य परिक्षण गरी निःशुल्क औषधी वितरण गरिएको थियो। करुणा बौद्ध संघले संचालन गरेको उक्त स्वास्थ्य सेवा शिविरमा सहभागी हुन पाएकोमा हर्ष व्यक्त गर्नुहुँदै यसप्रकारका रचनात्मक कार्यले अरु संस्थाहरूलाई पनि प्रेरणाप्रद हुने कुरा उद्घाटन भाषणमा बताउनु हुँदै भिक्षु कुमार काश्यपले चिर्तुङ्धारा गा. वि. स. मा मगर समाजबाट निर्माण हुने "सन्तोक बुद्ध विहार" को लागि रू. १०००।– चन्दा प्रदान गर्नुभयो।

सप्ताहभरि नै विभिन्न बौद्ध विहारहरूमा आयोजित धार्मिक कार्यक्रमहरूमा भागलिनु भई भिक्षु



Downloaded from http://www.dhamma.digital

कुमार काश्यपले बुद्ध शिक्षामा आधारित धर्मोपदेश दिनु भएको थियो। गत २०५० साल देखि भिक्षु कुमार काश्यपबाट प्रदान गर्दै आउनु भएको "भिक्षु कुमार काश्यप छात्रवृत्ति" यसपालि पनि विभिन्न मा. वि. का गरी जम्मा चार जवान विद्यार्थीहरूलाई प्रति व्यक्ति रू. १०००।– का दरले छात्रवृत्ति प्रदान गरिएको थियो।

× × ×

## बिचाः हाय्का

ज्ञानमाला भजन खलः स्वयम्भूया पुलांम्ह नायो, सल्लाहकार नायो, "ज्ञानमाला रत्नबत सिरपा" नीस्वनादीम्ह, नेपाले थेरवाद बुद्ध धर्मया पुनर्जागरण इलंनिसें सक्रिय चय्दंया बंशे नं ग्हिथं स्वयम्भू च्छायादीम्ह भाजु रत्नबहादुर तण्डुकारजु मदुगुलिं वय्कयात लुमंका बिचाः हाय्केगु मुंज्या गत मंसीर २८ गते संघारामे पूवंगु समाचार दु। भिक्षु अश्वघोष महास्थविर प्रमुख तःम्हेसिनं वय्कयापाखें प्रेरणा व आदर्श काय्बहगु खं न्ह्यथना दिल। थुगु बिचाः हाय्केगु मुंज्या स्वयम्भू ज्ञानमाला भजन खलःपाखें जूगु खः। यब्वसिनं स्वां म्हू व खादा देछाया मदुम्ह रत्नबहादुरया गुण लुमंका श्रद्धा प्वंका दीगु खः।

## जन्मदिं वार्षिक उत्सव

यें, कछला त्व ११ (२०५३।८।६) थौं विश्व शान्ति विहारया 'कथिन उत्सव' वार्षिकोत्सव लिसें श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरया जन्मदिं ज्ःज्ः धायक सम्पन्न जुल।

शील प्रार्थना व बुद्ध पूजां शुरु जूगु उगु समारोहे लसकुस न्ववु विहार दायक समितिया नायो भाजु प्रेमलाल श्रेष्ठं बिया दीगु खःसा, वार्षिक प्रतिवेदन विहारया छ्याञ्जे अमिता धाख्वा व आर्थिक प्रतिवेदन ल्यू दांभरी प्रेमकाजी बनियां प्रस्तुत याना दीगु खः।

श्रीलंका, थाइलैण्ड व म्यानमारया महामहिम राजदूतपिनिगु उपस्थितिइ कथिन दान मलेशियां व्हापिं उपासकोपासिकापिसं याना दीगु खः। थुगु समारोह मय्जु साधना श्रेष्ठं न्ह्याका दीगु खः।

थुगु समारोहय् न्ववाना बिज्यासे भाजु सुवर्ण शाक्यं धया बिज्यात—थ्व विहारे आः वंगु फागुन १ गतेनिसें परियत्तिया नापं श्री ५ या सरकारयागु पाठ्य-क्रम नं दुथ्याका ब्वंकेगु शुरु जुइ त्यंगु दु। आःयात परिक्षणया रूपय् १५ म्ह (श्रामणेर १० म्ह व अनगारिका ५ म्ह) मस्तनिसें थ्व विहारे नय्, च्वनेगु, पुनेगु व्यवस्था याना यंकेगु ग्वसा दु। न्हूगु विहार निर्माण याय्मागु औचित्य बारे न्ववासें भाजु शाक्यं धया-बिज्यात—"विहारया विहारं जाया च्वंगु नेपाले पुलांगु विहारे बुद्ध धर्म अध्ययनया साथय् अभ्यास नं याकेगु व्यवस्था मदया वने धुंकुगु जुया खः।

नेपाः व मलेशियाया उपासकोउपासिकापिनिगु तःधंगु श्रद्धां थौं थुगु विहारया पुनर्निर्माणया ज्या थुलि तक्क सिधल, आः चैत्यया गजु लुं सियगु बाकी हे दनि, थ्व लुं सियगु ज्या व्हो नेपामि पिनिगु श्रद्धां पूवंके फइ धइगु आशा कया च्वना धका विहार प्रमुख श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर भन्तेनं आशा प्वंका बिज्यात। उगु गजु लुं सियत १ किलो ति लुं मालिगु अनुमान दु। थ्व लुंया लागी न्हापा व कथिन दान ग्हि कुम्हु नं श्रद्धा प्वंका दीपिं दु।

धन्यवाद ज्ञापन विहारया दुजः भाजु अंगुरमान तुलाधरं याना दिल। थुखुनु भन्ते, गुरुमांपिं व उपस्थित सकलें उपासकोपासिकापिन्त जलपान व भोजनया व्यवस्था नं जूगु जुल।



Downloaded from http://www.dhamma.digital

बा. न. का. द. नं. – ७०/०४०/४१ म. क्ष. ह्ु. नि. का. द. नं. – ६/०४२/०४३

# आह्वान

"विश्वशान्ति बौद्ध शिक्षालय" संचालन व भर्ना कायेगु विषययात कया छलपोलपिन्त जानकारी बिसें सकसितं आह्वान याना च्वना ।

(१) स्कूलया प्रचलित पाठ्यक्रम अनुसारया शिक्षालिसें बौद्ध शिक्षानापं समावेश याना शिक्षा बीगु जुइ । स्कूलया नियम अनुसार परिक्षा कया प्रमाण–प्रत्र नं बीगु व्यवस्था जुइ ।

(२) २०५३ साल फागुन २ गतेनिसें कक्षा संचालन जुइगु जूगुलिं उल्लेखित नियम पालन याईपिं शिक्षार्थीपिसं २०५३ पौष मसान्त दुने "विश्वशान्ति बौद्ध शिक्षालय" विश्वशान्ति विहारया ठेगानाय् दर्खास्त बीगु जुइ ।

(क) शिक्षालयय् गुगुकथंयानं शुःल्क पुलेम्वाः ।

(ख) प्रव्रजित जुया विहारेतुं च्वना विहारया नियम पालना याना च्वनेमाः ।

(ग) कक्षा ३ निसें ६ तक उत्तीर्ण जूगु जुइमाः ।

(घ) कक्षा ५ व ६ उत्तीर्ण जूपिन्त प्राथमिकता बीगु जुइ ।

(ङ) श्रामणेर कथं च्वनीपिं १० म्ह व अनगारिका कथं च्वनीपिं ५ म्हसित जक ल्यया स्थान बीगु जुइ ।

(च) नये, त्वने, च्वने, पुनेया व्यवस्था विहारया शिक्षालय् तुं जुइ ।

(छ) दर्खास्तय् च्वनीम्हसिया नां, त्वाः, उत्तीर्ण जूगु कक्षा, जन्म मिति, बौया नां व अभिभावकया नां न्ह्यथनेमाः ।

(ज) च्वनीम्हसिया थौंकन्हे हे कयाःतगु फोटो छपाः दर्खास्तनापं दुत बीमाः ।

(झ) जन्मजात बौद्धतयेके जक दर्खास्त कायेगु जुइ ।

कृपया थ्व पत्र थ्यनेवं विहारे उपस्थित जुईपिं उपासक उपासिकापिन्त सूचित यासे थुगु शिक्षालय उन्नति व प्रगति यायेत फूचाः कथं तन मन धनद्वारा सहयोग व सहानुभूति क्यंसे बुद्धशासन विकासया निंतिं सहृदयपूर्ण योगदान प्राप्त जुइ धयागु आशा व विश्वास कासे विनम्र निवेदन याना च्वना ।

विश्वशान्ति बौद्ध शिक्षालय
विश्वशान्ति विहार, मीनभवन
काठमाडौं, फोन ४८२९८४

मुद्रक – नेपाल प्रेस, शुक्रपथ काठमाडौं नेपाल । फोन – २२ १० ३२, २२५ ४५०

Downloaded from http://www.dhamma.digital